जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब १६ दिन बाँकी

वर्ष २७ •अंक २६० • २०८२ साल फाल्गुन ५ गते मंगलबार (17 February, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेशमा 'खानेपानी' चुनावी मुद्दा !



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको उत्तरी क्षेत्रतर्फ वर्षेनी खानेपानीको हाहाकार हुने गर्छ । सुख्खायामबाट खानेपानीको समस्या उत्पन्न भएपछि गर्मीयामसम्म खानेपानीको लागि यहाँका आममानिसको जनजीवन निकै कष्टदायी हुने गर्छ ।

धनुषाको बटेश्वर गाउँपालिका-४ की गीता साहले १५ वर्षदेखि इनारबाट खानेपानी ओसार्ने गरेकी छिन् । उनले खानेपानीका लागि चापाकलसमेत गाडिन्, तर पानी भने आएन । खानेपानीको जोहो गर्ने छिमेकीको घरमा इनार खन्दा उनले २० हजार रुपैयाँ खर्चिनु परेको छ ।

नेपालमा कुल भूभागको ४५ प्रतिशत वन क्षेत्र भए पनि जनघनत्व धेरै भएको मधेश प्रदेशमा ३ दशमलव ७२ प्रतिशत मात्र वन क्षेत्र छ । जबकि स्वच्छ वातावरणका लागि कुल क्षेत्रफलको कम्तिमा ४० प्रतिशत वनजंगल हुनुपर्छ । यसै कारण तराई-मधेशमा जलसंकटसंगै अन्य वातावरणीय समस्या बढ्दै छन् ।

पानीको हाहाकार भएपछि गत बर्खामा संघीय र प्रदेश सरकारले मधेशलाई सुक्खा क्षेत्र घोषणा गरेको थियो । चुरे वन संरक्षण र पानी संकट समाधानलाई दलहरूले चुनावका बेला उच्च प्राथमिकतामा रहेको प्रतिबद्धता जनाउँछन् । तर व्यवहारमा भने मधेशको जलसंकट गहिरिएको छ ।

चुनावमा होमिएका एमाले र कांग्रेसलगायतका दलले आफ्नो चुनावी घोषणापत्रमा मधेशको जलसंकटलाई कसरी समेट्ने छन् भन्ने अहिले यस क्षेत्रमा बहस हुन थालेको छ । तर यी दलका धनुषाका उम्मेदवारहरूले चुरे संरक्षणसंगै खानेपानी र सिचाइँ आफ्नो पहिलो प्राथमिकता रहेको बताएका छन् ।

मधेश प्रदेशको वन मन्त्रालयले जनाए अनुसार मधेशको २ लाख २ हजार २ सय हेक्टर वनले ओगटेको छ । जसमध्ये आठै जिल्लामा राष्ट्रिय, साझेदारी र कबुलियत वनसहित ६ हजार ८ सय ३१ हेक्टर वन क्षेत्र अतिक्रमित छ । चुरे क्षेत्रमा जथाभावी नदी दोहन तथा उत्खनन जारी छ ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का धनुषा-२ का उम्मेदवार रामचन्द्र झाले आफू स्थानीय विकासमन्त्री हुँदा चुरे क्षेत्रमा भइरहेको जथाभावी दोहनमाथि रोक लगाउने निर्णय गरेको र चुरे संरक्षणका लागि पार्टीको प्रतिबद्धतापत्रमा समेटिएको बताए ।

जसपा नेपालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

### पशुपतिनाथ-वैद्यनाथधाम ४ घण्टामै

# २५० किमिको नयाँ एक्सप्रेस-वे बन्ने बिहार सरकारको घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको पशुपतिनाथलाई भारतको झारखण्डस्थित वैद्यनाथधाम (बाबाधाम) संग जोड्ने गरी २५० किलोमिटर लामो 'पशुपतिनाथ-वैद्यनाथधाम हाई-स्पीड कोरिडोर' निर्माण हुने भएको छ ।

उक्त नयाँ ग्रीनफिल्ड एक्सप्रेस- वेले हाल १४ घण्टा लाग्ने यात्रालाई घटाएर करिब ४ घण्टामा सीमित गर्ने लक्ष्य राखेको छ । नेपाल सरकारले थालेको निजगढ- काठमाण्डु द्रुतमार्ग सम्पन्न भएपछि बैद्यनाथधामदेखि काठमाण्डुको पशुपतिनाथसम्मको यात्रा ४ घन्टामा पूरा हुन भएको छ ।

भारतको बिहार सरकारले धार्मिक पर्यटन र क्षेत्रीय कनेक्टिभिटीलाई गति दिने उद्देश्यले महत्वाकांक्षी परियोजना अघि बढाएको छ । बिहारका सडक निर्माण मन्त्री डा. दिलीप जायसवालले विधानसभामा उक्त एक्सप्रेस- वे नेपालको राजधानी काठमाण्डुबाट शुरु भइ भीमनगर र वीरपुर हुँदै बिहारको सुपौल जिल्लाबाट भारतीय सीमामा प्रवेश गर्ने जानकारी गराए ।

त्यसपछि बिहारको मधेपुरा, सहरसा, खगडिया, मुंगेर र बाँका जिल्ला हुँदै झारखण्डको देवघर जिल्लामा रहेको प्रसिद्ध वैद्यनाथ धाममा पुग्ने लक्ष्य राखिएको छ ।

नेपालको पर्यटन क्षेत्रमा भारतीय पर्यटकहरूको आगमनले महत्त्वपूर्ण स्थान ओगट्दै आएको छ । खुला सिमाना, सहज पहुँच तथा सांस्कृतिक र धार्मिक समानताका कारण हरेक वर्ष लाखौं भारतीय नागरिक नेपाल भ्रमणमा आउँछन् । जसमध्ये ठूलो संख्या धार्मिक आस्था बोकेर आउने गर्दछ ।

नेपाल पर्यटन बोर्डको तथ्यांकले



जनाए अनुसार नेपाल भित्रिने विदेशी पर्यटकमध्ये भारतीय नागरिक अग्रस्थानमा रहन्छन् ।

नेपाल आउने भारतीय पर्यटकमध्ये कति प्रतिशत धार्मिक उद्देश्यले आउँछन् भन्ने यकिन तथ्यांक नभए पनि बढी भारतीय व्यक्तिहरु भने तीर्थयात्राकै लागि आउने गरेको पर्यटन व्यवसायीहरू बताउँछन् । भारतबाट बर्सेनि डेढ लाखभन्दा बढी पर्यटक तीर्थयात्रा र बिदा मनाउन नेपाल आउने गरेको एक तथ्यांकले देखाउँछ । हिन्दू र बौद्ध धर्मावलम्बीहरूको साझा आस्थाको केन्द्र भएकाले नेपाल भारतीयहरूका लागि एक प्रमुख धार्मिक गन्तव्य बनेको छ ।

भारतबाट नेपालमा वार्षिक करिब ३ लाख पर्यटक भित्रिने गरिन्छ । सन् २०२५ मा भारतबाट नेपालमा २ लाख ९२ हजार पर्यटक भित्रिएका थिए भने सन् २०२४ को तुलनामा सन् २०२५ मा २५ प्रतिशत बढी संख्यामा भारतीय पर्यटक नेपाल भित्रिए । भारतबाट आउने पर्यटकमध्ये झण्डै ९० प्रतिशत धार्मिक पर्यटक रहने गर्छन् ।

भारतीय धार्मिक पर्यटकहरू नेपालका विभिन्न पवित्र स्थलहरूको दर्शनका लागि पुग्ने गरेका छन् । उनीहरूको मुख्य धार्मिक रोजाइमा पशुपतिनाथ मन्दिर पर्छ । विश्वभरका हिन्दूहरूको लागि आस्थाको केन्द्र पशुपतिनाथ मन्दिर मानिन्छ । त्यसमा पनि भारतबाट आउने अधिकांश धार्मिक पर्यटकहरूको पहिलो गन्तव्य पशुपतिनाथ नै हुने गर्छ । भारतको चारधाम घुमेपछि पशुपतिनाथको दर्शन नगरे तीर्थयात्रा अपूरो हुने धार्मिक विश्वासले पनि पशुपतिनाथ मन्दिरको दर्शन उनीहरुको लागि अपरिहार्य मानिएको छ ।

त्यसपछि दोश्रोमा मुस्ताङ जिल्लाको मुक्तिनाथ मन्दिरको दर्शनको लागि भारतीय पर्यटक नेपाल भित्रिने गर्छन् । मुक्तिनाथ हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरूको साझा तीर्थस्थल मानिन्छ ।

त्यसपछि सीताको जन्मस्थलको रूपमा परिचित जनकपुरधाम भारतीय पर्यटकहरूको आर्कषकको केन्द्रविन्दु रहेको छ । विशेषगरी रामायणसंग आस्था राख्नेहरूका लागि प्रमुख आकर्षणको केन्द्र हो । त्यस्तै बुद्धको जन्मस्थल लुम्बिनी, मनकामना मन्दिर, गोसाइँकुण्ड, बराहक्षेत्र, हलेसी महादेव, स्वर्गद्वारी जस्ता अन्य धार्मिक स्थलहरू पनि भारतीय पर्यटकहरूको रोजाइमा पर्ने गरेको छ ।

यस परियोजनाको मुख्य उद्देश्य दुई प्रमुख शिव धामलाई सोझै जोडेर धार्मिक पर्यटनलाई बढावा दिनु र नेपाल-भारतबीचको सांस्कृतिक सम्बन्धलाई थप बलियो बनाउने मन्त्री जायसवालले बताएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । यसले तीर्थयात्रीहरूका लागि सहज र छिटो यात्रा सुनिश्चित गर्नुका साथै यस क्षेत्रमा पर्यटनमा आधारित आर्थिक गतिविधिहरूलाई पनि गति दिनेछ ।

सो हाई-स्पीड कोरिडोर निर्माणले बिहार र झारखण्डका धेरै जिल्लाहरूमा आर्थिक विकास, रोजगारीका अवसर र यातायात व्यवस्थालाई मजबुत बनाउने अपेक्षा गरिएको छ । यसका साथै, उक्त एक्सप्रेस- वेलाई रक्सौल-हल्दिया र दरभंगा-आमस जस्ता अन्य प्रमुख एक्सप्रेस- वेसंग पनि जोडिने छ । जसले पूर्वी भारतको सडक सञ्जाललाई अझ सुदृढ बनाउने योजना रहेको छ ।

बिहार राज्य सरकारले उक्त प्रस्ताव केन्द्र सरकारसमक्ष स्वीकृतिका लागि पठाइसकेको जनाइएको छ । केन्द्रबाट स्वीकृति प्राप्त हुनासाथ निर्माण कार्य शुरु हुनेछ । बिहार सरकारले आर्थिक वर्ष २०२६/०२७ को बजेटमा सडक निर्माण परियोजनाहरूका लागि ८ हजार २६० करोड भारतीय रुपैयाँ छुट्याएको छ ।

यदि भारतको केन्द्र सरकारबाट छिट्टै स्वीकृति प्राप्त भएमा उक्त महत्वाकांक्षी परियोजना लगभग पाँच वर्षमा सम्पन्न गरिने लक्ष्य लिइएको छ । उक्त एक्सप्रेस- वे निर्माण भएपछि हाल करिब ५३४ किलोमिटर रहेको दूरी घटेर २५० किलोमिटरमा सीमित हुने छ । यसले नेपाल, भारतको बिहार र झारखण्डबीचको व्यापार, पर्यटन र आर्थिक गतिविधिलाई ठूलो प्रोत्साहन मिल्ने विश्वास रहेको छ ।

## पूर्वमन्त्री चौरसियालाई पछ्याउँदै पूर्ववडाध्यक्ष, एमालेलाई संकट

**अनिल तिवारी**

वीरगञ्ज । यही फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा पर्सा निर्वाचन क्षेत्र नम्बर-२ मा उम्मेदवारहरूबीच चुनावी प्रतिस्पर्धा तीव्र बन्दै गएको छ । घरदैलो अभियानको पहिलो चरण सम्पन्न भएसंगै सबै उम्मेदवार नयाँ रणनितिका साथ जनविश्वासलाई आफ्नो पक्षमा पार्न सक्रियतालाई कसिदै गएका छन् ।




पर्साका चारवटै क्षेत्रमा नेकाँ, रास्वपा र एमालेबीच त्रिकोणात्मक प्रतिस्पर्धा देखिएको छ । जसमध्ये क्षेत्र नम्बर-२ रोचक बनेको छ । घरदैलो तथा भेटघाट कार्यक्रम अधिकांश स्थानमा सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भएको बताइएको छ । उम्मेदवारहरूसंगै स्थानीयवासी, युवा र सामाजिक अगुवाहरूको उल्लेख्य सहभागिताले चुनावी माहोल झनै ऊर्जाशील बनेको छ ।

नेपाल कांग्रेसका तर्फबाट उम्मेदवारी दर्ता गराएका अजय चौरसिया यस अघि चुनावमा ठूलो मतले निर्वाचित उम्मेदवार हुन् ।

पर्सा-२ मा मधेशी, पहाडी तथा मुस्लिम समुदायको मिश्रित बसोबास रहेको छ । यहाँका अधिकांश मतदाता व्यापार, उद्योग, सेवा तथा साना उद्यमसँग प्रत्यक्ष रूपमा आबद्ध छन् । विकास र सुशासनलाई कानुनी आधारमा अघि बढाउनुपर्ने उनको जोडले उनलाई नीतिगत राजनीतिमा विश्वास गर्ने नेताको रूपमा स्थापित गरेको छ ।

विगतका निर्वाचनहरूमा यहाँ नेपाली कांग्रेस, नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा) र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) लगायतका दलबीच कडा प्रतिस्पर्धा हुँदै आएको थियो ।

जेन-जी आन्दोलन र बालेन साहको नाम रास्वपा र एमालेकी उम्मेदवार रिमा यादवको सघन प्रचारसंगै पूर्वमेयर बिजय सरावगीको सक्रिय भूमिकाले चुनावलाई अझ रोचक बनेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सुशील कुमार कानु पहिलो पटक प्रतिनिधि सभा निर्वाचनमा होमिएका छन् । उनी यसअघि वीरगञ्ज महानगरपालिका वडा नं. १० का वडाध्यक्ष थिए । यस क्षेत्रमा रहेका मतदाताको सख्याको तुलनात्मक रुपमा सबै भन्दा बढी मतदाता भएका वडा १० का स्थानिय वासी समेत रहेका सुशील साहकानुलाई जातिगत वैश्य समाजको समर्थन रहेको उनका सहयोगीहरु बताउँछन् ।

सुशील साह कानुले वडा अध्यक्षका रूपमा विकासमुखी र समन्वयात्मक नेतृत्व प्रस्तुत गरेको भन्दै स्थानीयस्तरमा सकारात्मक चर्चा बटुलिरहेका छन् ।

एमालेपार्टिको तर्फबाट दुइ नम्बरका चुनावी कमाण्डरका रुपमा ओर्लेका पुर्व मेयर बिजय सरावगीले रिमा यादवलाई एमालेकी 'जेन-जी' उम्मेदवारका रूपमा प्रस्तुत गर्दै प्रचार प्रसारलाई अगाडि बढाएका छन् । दुई पार्टीबाट उम्मेदवार बनेका प्रदीप यादव र सुशील साह कानुबीचको गहिरो र निकै पुरानो राजनैतिक, आर्थिक र मधेश आन्दोलनमा आधारित सम्बन्ध छ । दुबै नेताको राजनीतिक जग मधेश आन्दोलन नै भएको बताइन्छ ।

हालै एमालेमा प्रवेश गरेका पूर्वमन्त्री प्रदीप यादव र राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेदवार बनेका सुशील साह कानुबीच दुई दशक लामो व्यक्तिगत तथा राजनीतिक सम्बन्ध रहेको बताइन्छ ।

यादव र कानु फरक-फरक दलबाट चुनावी मैदानमा उत्रिए पनि दुवैबीचको पुरानो सम्बन्धका कारण एक-अर्कालाई सहयोग नगरी नहुने एमाले र रास्वपाका कार्यकर्ताबीचमा चर्चा छ ।

प्रदिप यावदसंगै वीरगञ्ज महानगरका मेयर राजेशमान सिंह एमालेमा प्रवेश गरेसंगै वर्तमान र पूर्व मेयर बिजय सरावगी एमालेमा 'एक मियानमा दुई तलवार' को अवस्था छ । जसले गर्दा आन्तरिक शक्ति सन्तुलन चुनावको अन्तिम दुई रात्रिमा कत्ता जाने हो त्यो चुनावी परिणामले देखाउने निश्चित छ ।



# जनस्वास्थ्य प्रयोगशाला भ्रष्टाचार मुद्दाको पेशी आज

टुडे समाचारदाता

जनकपुरधाम । मधेस सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्वास्थ्य उपकरण खरिदमा भ्रष्टाचार अभियोगमा तत्कालीन सचिव, निर्देशक लगायतका विरुद्धको




भ्रष्टाचार मुद्दामा सुनुवाइ नसकिएपछि 'हेर्दाहेर्दैमा' मंगलबारका लागि पेसी तोकिएको छ।

सोमबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र न्यायाधीश हेमन्त रावल र न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासमा सुनुवाइका लागि पेसी तोकेको हो।

२०८२ वैशाख १४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेस प्रदेशको तत्कालिन सामाजिक विकास मन्त्रालयका सचिव इमनारायण श्रेष्ठ, लेखा अधिकृत नवीन दास र तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक मुक्तिनारायण साहसहित ९ जना विरुद्ध स्वास्थ्य उपकरण खरिदमा अनियमितता भएको भेटिएपछि भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो।

आयोगले मधेस प्रदेशको सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव श्रेष्ठ, लेखा अधिकृत दास र तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक साह विरुद्ध २१ करोड ८९ लाख ३९ हजार ७८० बराबरको बिगो माग दाबी गरेको थियो।

त्यसैगरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामकातत्कालीननिर्देशक डा. श्रवणकुमार मिश्र, वरिष्ठ ल्याब टेक्निसियन गुणानन्द प्रसाद साह, टेक्नोलोजिस्ट मनमोहन मिश्र र ल्याब टेक्नोलोजिस्ट रामउदगार साह विरुद्ध पनि रु २१ करोड ८९ लाख ३९ हजार सात सय ८० बराबरको बिगो माग दाबी गरेको थियो।

माइक्रोबायोलोजिस्ट जितेन्द्रकुमार साह, अमरेन्द्रकुमार मिश्र, मेडिकलल्याबटेक्नोलोजिस्ट दीपेन्द्रकुमार मिश्र, ल्याब असिस्टेन्ट रमेशकुमार मण्डल, कर्मशील प्रसाद गोप, उमेश चौधरी र लेखा अधिकृत अमरदीप महतो विरुद्ध पनि समान रु २१ करोड ८९ लाख ३९ हजार ७८० बराबरको बिगो माग दाबी गरेको थियो।

त्यस्तै सामान आपूर्तिकर्ता हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डित विरुद्ध रु २१ करोड ८९ लाख ३९ हजार सात सय ८० बराबरको बिगो माग दाबी अख्तियारले गरेको छ।

# रौतहटमा ७७ मुद्दा दर्ता




टुडे समाचारदाता

रौतहट । रौतहटमा माघ महिनामा ७७ मुद्दा दर्ता भएको छ । जिल्ला प्रहरी कार्यालयले गत माघ महिनामा सम्पादन गरेका गतिविधिहरूको सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

जिप्रकाद्वारा जारी प्रेस विज्ञप्तिमा माघ महिनाभर जिल्लामा ७७ वटा विभिन्न प्रकृतिका मुद्दा दर्ता भएका छन्। तीमध्ये ज्यानसम्बन्धी ७, आत्महत्या ८, चोरी २ तथा सामाजिक अपराधका २३ मुद्दा रहेका छन्। बैंकिङ कसुरका १७ मुद्दा दर्ता हुनु आर्थिक अपराधको चुनौती बढ्दै गएको संकेतका रूपमा प्रहरीको विश्लेषण छ।


यस अवधिमा २८४ वटा साधारण उजुरी दर्ता भएकामा १७३ फछ्र्यौट भइसकेका छन् भने १११ उजुरीमाथि कारबाही प्रक्रिया जारी रहेको छ । साथै विभिन्न मुद्दामा संलग्न ४१ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालले जानकारी दिएका छन्।

लागुऔषध सम्बन्धी कारबाहीमा एक जनालाई पक्राउ गरी ५००/५०० पिस डाइजेपाम, फेनारगन र नुरफिन बरामद गरिएको छ । सीमावर्ती जिल्ला भएकाले अवैध भन्सार छली नियन्त्रणमा विशेष निगरानी गरिएको प्रहरीले जनाएको छ।

माघ महिनामा ६२ लाख ८९ हजार ९३० रुपैयाँ बराबरका अवैध सामान तथा पाँच वटा सवारी साधन बरामद गरिएको छ। राजस्व छलीतर्फ ६४ हजार ६५० रुपैयाँ बराबरका सामग्री नियन्त्रणमा लिइएको छ भने प्राकृतिक स्रोत दोहनमा संलग्न दुई सवारी साधनलाई कारबाही गर्दै ६ हजार रुपैयाँ जरिवाना गरिएको छ।

माघमा जिल्लाभर ९२ वटा सवारी दुर्घटना भएका छन् । दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ भने १२९ जना घाइते भएका छन्। ट्राफिक नियम उल्लंघन गर्ने ७४५ सवारी साधनलाई कारबाही गरी ७ लाख ८२ हजार ५०० रुपैयाँ राजस्व संकलन गरिएको जिल्ला ट्राफिक प्रहरी प्रमुख इन्स्पेक्टर राजेन्द्र थापा मगरले बताएका छन्।

# शिक्षा, स्वास्थ्य र रोजगारी पहिलो प्राथमिकता : झा



टुडे समाचारदाता

जनकपुरधाम। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट धनुषा निर्वाचन क्षेत्र नम्बर-३ मा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका मनिष झाले घरदैलो अभियानलाई तीव्र बनाएका छन् ।सोमबार उनले जनकपुरधाम वडा नम्बर-१६ स्थित कपिलेश्वरबाट घरदैलो कार्यक्रमको औपचारिक शुरूवात गर्दै नगराइन नगरपालिकाका विभिन्न टोल बस्तीमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गरेका हुन्।

घरदैलोका क्रममा झाले शिक्षा, स्वास्थ्य, रोजगारी तथा आधारभूत पूर्वाधार विकासलाई आफ्नो मुख्य प्राथमिकता रहने बताए ।विगतका वर्षहरूमा दोहोरिँदै आएको परम्परागत राजनीतिक शैलीबाट जनता निराश भएको उल्लेख गर्दै उनले अब व्यवहारमा देखिने परिवर्तन आवश्यक रहेको धारणा राखे।'अब जनताले नै पुरानो शैलीको राजनीतिलाई बदल्न अग्रसर हुनुपर्छ,' उनले भने, 'हामी भाषणभन्दा काममा विश्वास गर्छौं। जनताबाट संकलित कर जनताकै हितमा पारदर्शी ढंगले खर्च हुने प्रणाली स्थापित गर्नु हाम्रो लक्ष्य हो।'

उनले युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने, कृषि तथा साना-मझौला व्यवसाय प्रवर्द्धन गर्ने र भ्रष्टाचार नियन्त्रणका लागि कडा नीतिगत पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।परिवर्तनको एजेन्डा कागजमा सीमित नराखी व्यवहारमै लागू गरिने उनको भनाइ थियो ।घरदैलोका क्रममा स्थानीय बासिन्दाले खानेपानीको अभाव, सडक स्तरोन्नति, फोहोर व्यवस्थापन र स्वास्थ्य सेवामा सहज पहुँच जस्ता समस्या उठाएका थिए ।झालेती विषयलाई प्राथमिकताका आधारमा योजनाबद्ध रूपमा समाधान गर्ने आश्वासन दिए ।धनुषा-३ मा चुनावी माहोल तातिँदै जाँदा उम्मेदवारहरू सोमबारदेखि घरदैलो र प्रत्यक्ष संवादमार्फत मतदाता आकर्षित गर्ने अभियानमा जुटेका छन्।

## देशलाई नयाँ चरणमा लैजाने जिम्मेवारी कांग्रेससँग छः उपसभापति शर्मा

काठमाण्डु। नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले बदलिँदो अवस्थामा पुस्तान्तरबीचको दूरी घटाएर गरी समन्वय गर्दै देशलाई विश्वासको नयाँ चरणमा लैजाने जिम्मेवारी कांग्रेससँग रहेको बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँद्वारा दमौलीमा सोमबार आयोजित आसन्न प्रतिनिधिसभा निर्वाचनका सन्दर्भमा आयोजित बृहत् जिल्ला भेलालाई सम्बोधन गर्दै उपसभापति शर्माले वर्तमान जटिल परिस्थितिमा देशलाई सही दिशामा लैजान सक्षम नेतृत्व रोज्न मतदातालाई आग्रह गर्नुभयो।

चुनाव केवल दलको जित हारको विषय नभई देशलाई सङ्कटबाट निकास दिने क्षमताको परीक्षण गर्ने समय भएको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "मूल प्रश्न कुन दलले जित्ने भन्ने होइन, विषम परिस्थितिमा देशलाई कसले संयमतापूर्वक समन्वय गर्न सक्छ र कसले परिपक्व तवरबाट फूलको माला जसरी गाँस्न सक्छ र देशलाई स्वच्छ बनाएर हाँक्न सक्छ भन्ने हो।"

उहाँले ऐतिहासिक तथ्यका आधारमा कांग्रेसले मुलुकलाई सही ढङ्गले अघि बढाएको उदाहरण जनतामाझ लैजान आग्रह गर्नुभयो। कांग्रेस यतिबेला सभापति गगन थापालाई प्रधानमन्त्री बनाउने अभियानमा लागेको बताउँदै उहाँले भन्नुभयो, "त्यही अभियानको लहर तनहुँमा पनि मिसिनेछ। देशलाई नवीन सपनामा, नवीन मार्गमा लैजानुछ। यदि सही ढङ्गले देशलाई अघि बढाउन सकेनौँ भने अहिले जेनजी विद्रोह भयो। दश वर्षपछि फेरि अल्फाको विद्रोह हुनेछ। हामी त्यो अवस्था बन्न दिने छैनौँ।"

नेपाली कांग्रेस तनहुँ क्षेत्र नं १ का उम्मेदवार गोविन्द भट्टराईले यहाँ सुशासन, समृद्धि कायम गर्दै आमनागरिकको माग पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभयो।रासस

# उखुबारीमा आगलागी हुँदा एक करोड बढीको क्षति



सिरहा । यहाँको लहान नगरपालिका-१३ घलेटोलमा सोमबार दिउँसो आगलागी हुँदा करिब ३० बिघा क्षेत्रफलमा लगाइएको उखु जलेर नष्ट भएको छ।

प्रारम्भिक विवरणअनुसार आगलागीबाट स्थानीय २५ किसानको करिब रु एक करोड १६ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कैलाश राईका अनुसार दिउँसो उखुबारीको मध्यभागबाट आगो सल्किएको जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थानीय बासिन्दाको सहयोगमा आगो मानव बस्तीमा फैलिन नदिइएको उहाँले बताउनुभयो।

गोलबजार नगरपालिकाबाट आएको बारुणयन्त्रको सहयोगमा करिब ४ घन्टापछि आगो पूर्ण रूपमा निभाइएको थियो । लहान नगरपालिकाबाट गएको बारुणयन्त्रको पानी फाल्ने मोटर बिग्रिएपछि गोलबजारबाट सहयोग मगाइएको थियो।

प्रहरीका अनुसार उखुबारीको मध्यभागबाट आगो सल्किएकाले कसैले चुरोट वा बिँडी पिएर ठुटो फालेको वा नियतवश आगो लगाएको हुनसक्ने आशङ्का गरिएको छ। घटनाबारे अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । पीडित किसान रामलखन मण्डलले उखु बेचेर घरायसी खर्च र ऋण तिर्ने योजना रहेको दुःखेसो पोख्दै भन्नुभयो, "लागतसमेत डुब्यो, दोषी पत्ता लगाएर क्षतिपूर्तिसहित कारबाही हुनुपर्छ।" अर्का किसान कपिलदेव यादवले उखुमा आगो लगाउने जोसुकै भए पनि किसानमाथि अपराध गरेको भन्दै कानुनी कारबाहीको माग गर्नुभयो।

उहाँका अनुसार, उखु रोप्नुअघि र रोपेपछि मलखाद र सिँचाइ उपलब्ध हुँदा प्रतिकट्ठा औसत ३० देखि ३५ क्विन्टल उत्पादन हुन्छ। चिनी उद्योगलाई बेच्दा प्रतिक्विन्टल रु ६२० र सरकारी अनुदान रु ७० गरी रु ६९० आम्दानी हुने गर्छ। यस आधारमा ३० बिघा क्षेत्रफलमा करिब १८ हजार क्विन्टल उखु जलेको अनुमान गर्दा क्षति रु एक करोड २४ लाख २० हजारसम्म पुग्ने देखिएको उहाँले बताउनुभयो।रासस

# महाशिवरात्रिः पशुपतिनाथमा सकियो चार प्रहरको पूजा, लाखौँले गरे दर्शन

काठमाण्डु । जाडो महिना, साँझ परिसकेको छ, चिसो स्याँठले निरन्तर हानिरहेको छ, तर पनि बिजुली बत्तीले झिलिमिली बनेको पशुपति क्षेत्रमा भक्तजनको भीड घट्नुको सट्टा बढिरह्यो।

महाशिवरात्रिका अवसरमा आइतबार बेलुकीको यो दृश्य सोमबार बिहानसम्म कायमै रहेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । महाशिवरात्रि भएकाले रातभर मन्दिर बन्द गरिएन। मूल सडकबाट मन्दिर क्षेत्र प्रवेश गर्ने मूलढोका पनि राति बन्द भएन।

आइतबार बेलुकी सूर्यास्तपछि सुरु भएको महाशिवरात्रिको चार प्रहरको पूजा सोमबार बिहान ६ बजे अघि सकिएको थियो। महाशिवरात्रिका अवसरमा पशुपतिनाथलगायत देशभरका शिवालयमा शुक्रबारदेखि नै सुरु भएको भक्तजनको चहलपहल सोमबार बिहानसम्म पनि कायम रहेको छ । राति १० बजेपछि पनि पशुपतिनाथ मुख्य क्षेत्र प्रवेश गर्ने बाहिरी ढोकासम्म पनि भक्तजन लाइनमा बसेको कोषका सूचना अधिकारी अनिता भट्टले जानकारी दिनुभयो।



विगत वर्षमा राति १० बजेपछि पशुपतिनाथको मुख्य क्षेत्र प्रवेश गर्ने मूलढोकाभित्र लाइन पुग्ने गरेकाले मूलढोका बन्द गरेर चार प्रहर पूजा समापन गरिन्थ्यो। यो वर्ष भने धेरै भक्तजन राति पनि लाइनमा बसेकाले मूलढोका बन्द नगरिएको उहाँले बताउनुभयो । महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा लाखौँ भक्तजनले पूजा, आराधना एवं दर्शन गरेका छन्।

### गोकर्णेश्वरमा जम्मा भए हजारौ भक्तजन

यसैगरी गोकर्णेश्वर महादेव मन्दिरमा पनि आइतबार रातिसम्म नै भक्तजनको भीड लागेको थियो। गोकर्णेश्वर मन्दिर क्षेत्रलाई पनि बिजुली बत्तीले झिलिमिली बनाइएको थियो। पशुपतिनाथमा श्रीयन्त्रको पूजा आराधना हुने र गोकर्णेश्वर महादेव मन्दिरमा बालयन्त्रको पूजा आराधना हुने गर्छ। श्रीयन्त्रको पूजा आराधनामा सहभागी हुनेले फल प्राप्तिका लागि बालयन्त्रको पूजा आाराधनामा पनि सहभागी हुनुपर्ने शास्त्रीय मान्यता भएकाले पनि पशुपतिनाथ आएका केही भक्तजन गोकर्णेश्वर आउने गर्छन्।

भक्तजनका कारण गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा जम्मा भएको फोहर आज बिहान सफाइ गरिने भएको छ । वाग्मती सुन्दरता सरोकार मञ्चको नेतृत्वमा गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा सफाइ गर्न लागिएको जनाइएको छ। मञ्चले गुह्येश्वरीमाथिको वाग्मती सफाइ गर्दै आएको छ । मुहानदेखिकै वाग्मती सफाइ अभियानमा जुटेको मञ्चले प्रत्येक हप्ताको शनिबार नियमित रुपमा बिहान दुई घण्टा गुह्येश्वरीमाथिको वाग्मतीमा सफाइ गर्छ।

### बाणेश्वर र नागेश्वरमा पनि रातिसम्म भक्तजनको लाम

पशुपति क्षेत्रस्थित साविकको गौचरणस्थित हालको त्रिभुवन विमानस्थलबाट गोठाटार क्षेत्रमा स्थानान्तरण गरिएको नागेश्वर महादेव मन्दिरमा पनि आइतबार बिहान ३ बजेदेखि नै भक्तजनको लाम लागेको थियो । त्यो लाम आइतबार रातिसम्म उस्तै थियो। नागेश्वरमा छ जना ब्राह्मणद्वारा चारै प्रहर पूजाआराधना एवं रुद्राभिषेक गरिएको थियो । यो पूजा प्रत्येक वर्ष महाशिवरात्रिका अवसरमा हुने गर्छ।

नागेश्वरमा महाशिवरात्रिका अवसरमा रातिसम्म नै भक्तजनको लामो लाम लागेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रकाशजङग रायमाझीले राससलाई जानकारी दिनुभयो । मन्दिरमाबिहानदेखिरातिसममहजारौँ भक्तजनले पूजाआराधना एवं दर्शन गरेका छन् । महाशिवरात्रिमा बाणेश्वर एवं नागेश्वरको दर्शन गर्नाले मुद्दामामिलाबाट छुटकारा पाउनुका साथै श्री प्राप्त हुने धार्मिक विश्वाससमेत रहेको अध्यक्ष रायमाझीले बताउनुभयो।

यसैगरी राजधानी र देशभरका अन्य शिवालयमा पनि रातिसम्म नै भक्तजनको लाम लागेको थियो। मध्यरातमा फागुन कृष्ण चतुर्दशी तिथि परेका दिन प्रत्येक वर्ष महाशिवरात्रि पर्व विशेष रुपमा मनाउने गरिन्छ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काम बने पनि सानो त्रुटि सच्याउन निकै मेहनत गर्नुपर्ला। |
| वृष : | खर्च गरिकन सोचेको प्रगति नहुन सक्छ। |
| मिथुन : | मिहिनेतले आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। |
| कर्कट : | पहिले रोकिएको कामले उत्साह जगाउनेछ। |
| सिंह : | जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्नेछ। |
| कन्या : | कमजोरीका बाबजुद अरुका लागि समय खर्चनुपर्ला। |
| तुला : | प्रियजनसंग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। |
| वृश्चिक : | आत्मबलका साथ रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ। |
| धनु : | कामको मेसो नमिल्दा केही अलमल हुनेछ। |
| मकर : | हतारमा निर्णय लिने बानीले अफ्ठयारो पार्ने हुँदा सजग रहनुहोला। |
| कुम्भः | काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ। |
| मीन : | उद्योग र व्यापारमा विशेष लाभ हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



गजबाजा सहित मिथिला विहारीको डोला मिथिला मध्यमा परिक्रमाका लागि प्रस्थान। *तस्बिर : संजय कुमार यादव*

# निर्वाचनलाई पारदर्शी बनाउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण: मुख्यमन्त्री यादव




जनकपुरधाम । मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ।

नेपाल प्रेस युनियन मधेस प्रदेश कार्यसमितिद्वारा जनकपुरधाममा आयोजित 'निर्वाचन विशेष अभियान २०८२' मधेस प्रदेशस्तरीय रणनीतिक बैठकलाई सोमबार सम्बोधन गर्दै नेपाली कांग्रेसका मधेस प्रदेश सभापति समेत रहनुभएका यादवले लोकतन्त्र सुदृढीकरणका लागि तथ्यपरक, सन्तुलित र जिम्मेवार पत्रकारितामा जोड दिँदै गलत सूचना र भ्रामक प्रचारप्रति सचेत रहन सञ्चारकर्मीहरूलाई आग्रह गर्नुभयो।

उहाँले मधेस प्रदेशमा विकास, सुशासन र सामाजिक सद्भाव कायम गर्न सरकार प्रतिबद्ध रहेको दोहोर्‍याउँदै जनताको विश्वास जित्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नेपाल युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रेस स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै निर्वाचनका बेला सत्य र प्रमाणमा आधारित समाचार सम्प्रेषण गर्नुपर्ने बताउनुभयो।

उहाँले पत्रकारहरूको पेसागत सुरक्षा र हकहित संरक्षणमा सङ्गठन प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो। "प्रेस स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड हो, त्यसको रक्षा गर्दै जनतालाई सही सूचना दिनु हाम्रो दायित्व हो", उहाँले भन्नुभयो। बैठकमा प्रदेशका सञ्चारकर्मी, युनियनका पदाधिकारी तथा राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।रासस

# राष्ट्र बैंकद्वारा तीन वाणिज्य बैंकलाई कारबाही




काठमाण्डु । नेपाल राष्ट्र बैंकले तीनवटा वाणिज्य बैंकलाई कारबाही गरेको छ। नेपाल राष्ट्र बैंक ऐन तथा बैंक वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनविपरीत काम गरेको आरोपमा एनआइसी एशिया बैंक लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड कारबाहीमा परेका हुन्।

"एनआइसी एसिया बैंक लिमिटेडले यस बैंकबाट जारी गरिएको निर्देशन बारम्बार उल्लङ्घन गर्दै वित्तीय विवरण प्रकाशन गर्दै आएको र यस बैंकबाट उक्त बैंकलाई जारी गरिएको लिखित आदेशको समेत पालना नभएको पाइएकोले उक्त बैंकका तत्कालीन सञ्चालक समितिका अध्यक्ष तुलसीराम अग्रवाल र तत्कालीन प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन २०७३ सहित) को दफा १०० उपदफा २ (ग) बमोजिम समान रु दुई लाख नगद जरिवाना गरिएको छ", राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा भएको कारबाहीको विवरणमा उल्लेख छ।

> **एउटै प्रकृतिका कर्जाहरुको ब्याजदर अन्तर दुई प्रतिशत विन्दुभन्दा बढीले कायम गरेको तथा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ को प्रावधानविपरीत त्रयमासको अन्तिम महिनाहरुमा नयाँ अल्पकालीन कर्जाहरु प्रवाह गरेका कारण कारबाही गरिएको राष्ट्र बैंकले जनाएको छ ।**

त्यसैगरी ग्लोबल आइएमई बैंक लिमिटेडको स्थलगत निरीक्षण प्रतिवेदन, २०८२ को आधारमा कैफियत देखिएपछि उक्त बैंकका प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ।

ग्लोबल आइएमई बैंकले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन २०८१ को व्यवस्थाअनुसार पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम नगरेको र कर्जाको पुनर्तालिकीकरण तथा पुनरसंरचना सम्बन्धी व्यवस्था पूर्ण रुपमा पालना नगरेका कारण सचेत गराइएको जनाएको छ। बैंकको स्थलगत निरीक्षणका क्रममा 'कोर बैंकिङ सफ्टवेयर' मा चुक्ता भइसकेको कर्जालाई पुरानै 'भ्यालु डेट'मा राखी पुनः सिर्जना गर्नसक्ने अवस्था रहेको पाइएको राष्ट्र बैंकले जनाएको छ।

त्यसैगरी, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको विपरीत कर्जाको सुरक्षण नहुने किसिमले कर्जासँग सम्बन्धित कागजातहरुमा ग्राहकको सहीछाप नगराएको तथा सुरक्षणले खामेकोभन्दा बढी कर्जा प्रवाह गरेको जनाइएको छ।

एउटै प्रकृतिका कर्जाहरुको ब्याजदर अन्तर दुई प्रतिशत विन्दुभन्दा बढीले कायम गरेको तथा चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ को प्रावधानविपरीत त्रयमासको अन्तिम महिनाहरुमा नयाँ अल्पकालीन कर्जाहरु प्रवाह गरेका कारण कारबाही गरिएको राष्ट्र बैंकले जनाएको छ। जसको कारबाहीस्वरुप बैंकको सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराइएको छ।रासस

# लुम्बिनी प्रदेशमा 'सुरक्षित मातृत्व अभियान'




लुम्बिनी । लुम्बिनी प्रदेश सरकारले मातृ तथा नवजात शिशु मृत्युदर न्यूनीकरणलाई लक्षित गर्दै 'सुरक्षित मातृत्व अभियान' विशेष अभियान सुरु गरेको छ।

प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले सोमबार रुपन्देही र नवलपरासीका स्थानीय तहका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मी लगायत सरोकारवालासँग अन्तरक्रिया गरी अभियान बारेको अवधारणासहितको ढाँचा सार्वजनिक गरेको छ। साथै सरोकारवालाका सुझाव समेतलाई सङ्कलन गरी अभियानलाई थप प्रभावकारी बनाउने मन्त्रालयको लक्ष्य छ। विभिन्न स्थानीय तहका अधिकारी सहभागी रहेको कार्यक्रमले निःशुल्क प्रयोगशाला तथा यु.एस.जी.परीक्षण, सम्मानजनक सेवा प्रवर्द्धन र स्थानीय तहस्तरीय अनुगमनलाई एकीकृत ढङ्गले अघि बढाउने निचोड पनि निकालेको छ।

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका अनुसार प्रदेशमा गर्भवती जाँच (एएनसी) ८२ प्रतिशत र संस्थागत सुत्केरी ८७ प्रतिशत पुगेको छ। तर सुत्केरीपछिको जाँच (पिएनसी) ६६ प्रतिशतमा सीमित रहनु सेवाको निरन्तरतामा चुनौती देखिएको सङ्केत भएको जनाइएको छ। सार्वजनिक विवरणमा आर्थिक वर्ष २०८१/८२ मा ७९ हजार ५३६ संस्थागत सुत्केरी भएका छन् भने ७१४ घरमै सुत्केरी भएका छन्।

यसैगरी, १०९ स्थानीय तहमध्ये ४८ ले शून्य घर सुत्केरी उपलब्धि हासिल गरे पनि ६१ स्थानीय तहमा घरमा सुत्केरी कायम रहनुले पहुँच र व्यवहार परिवर्तन दुवैमा थप काम आवश्यक रहेको देखिएको मन्त्रालयको भनाइ छ।

प्रदेशको कुल प्रजनन दर ३.६ रहेको तथ्याङ्कले मातृ-नवजात स्वास्थ्य सेवामा थप सघन प्रयासको आवश्यकता औँल्याएको जनाइएको छ।

मन्त्रालयले सेवामा देखिएको चुनौती अन्त्य गर्न गर्भावस्थाको चरणअनुसार प्याकेज ए, बी (वान), बी (टू) र सी गरी विभिन्न प्रकारका प्याकेज कार्यक्रम राखिएका छन्। स्थानीय स्वास्थ्य संस्था वा तोकिएका प्रेषण अस्पतालमार्फत तोकिएबमोजिम परीक्षण निःशुल्क उपलब्ध हुनेगरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका वरिष्ठ नर्सिङ प्रशासक ईश्वरी केसी उल्लेख गर्नुभयो।

सिबिसी, आरबिएस, युरिन आरएमई, क्रिटिनाइन, एसजिओटी, एसजिपिटी, टिएसएच, रक्त समूह, एचबिएसएजी, भिडिआरएल र आवश्यक परे थप परीक्षण र जिल्ला अस्पतालमा एएसजी गर्न सकिनेगरी प्रबन्ध मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। पहिलो गर्भजाँच १२ हप्ताभित्र गराउने, २०-२४ हप्तामा थप जाँच सुनिश्चित गर्ने तथा जटिलता देखिएमा तोकिएका जिल्ला-स्थित सरकारी प्रेषण अस्पतालमा मात्र सन्दर्भ गर्ने व्यवस्था गरिएको र यसका लागि प्रेषणका लागि स्थानीय स्वास्थ्य संस्थाबाट पुर्जा अनिवार्य गरिएको छ।

अभियानमार्फत पहुँच बढाउने मात्रै नभइ सेवा सम्मानजनक, गोपनीयता र भेदभावरहित बनाउनेमा जोड दिइएको प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताउनुभयो। प्रमाणमा आधारित उपचार, प्रभावकारी प्रेषण प्रणाली, तथ्याङ्कको प्रयोग, संवेदनशील सञ्चार, भावनात्मक सहयोग, सीपयुक्त जनशक्ति र सहयोगी पूर्वाधारलाई गुणस्तरीय सेवाका मुख्य स्तम्भका रूपमा अघि सारिएको मन्त्री सारुले उल्लेख गर्नुभयो।

पछिल्ला तीन वर्षमा केही सूचकमा आएको गिरावटलाई गम्भीरतापूर्वक लिएर विशेष हस्तक्षेप आवश्यक ठानिएको मन्त्रालयले जनाएको छ। तर यसलाई सुधार्ने गरी जनशक्तिको व्यवस्थापनलगायत काममा ध्यान दिइएको मन्त्री सारुको भनाइ छ।

संविधानको स्वास्थ्यसम्बन्धी हक र महिलाको सुरक्षित मातृत्व अधिकार साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लगायत कानुनी प्रावधानसँग कार्यक्रम समन्वयात्मक तरिकाले व्यवस्थित गरिएको छ। कार्यक्रममा प्रदेश सरकार स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठ र विभिन्न विभागका प्रमुखसहित वरिष्ठ अधिकारीहरुको सहभागिता थियो।

सुरक्षित मातृत्व अभियानअन्तर्गत प्रत्येक स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा अनुगमन समिति सक्रिय गरिने उल्लेख छ। गर्भजाँचका लागि दर्ता भएका महिलामध्ये शतप्रतिशतले तोकिएअनुसार जाँच पूरा गरेको सुनिश्चित गर्नेलाई प्रोत्साहनस्वरूप मासिक रु दुई हजार उपलब्ध गराइने मन्त्रालयले जनाएको छ। त्रैमासिक रूपमा परीक्षण बिल, मातृ-नवजात स्वास्थ्य कार्डको प्रतिलिपि र प्रेषण कागजातसहित भुक्तानी माग गर्ने स्पष्ट प्रक्रिया तोकिएको छ, जसले पारदर्शिता र जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चापागाईं, देवदह नगरपालिका प्रमुख ध्रुव खरेल, लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख कल्पना हरिजनलगायतले अभियान सफलताको कामना गर्नुभएको थियो। त्यस अवसरमा मन्त्रालयका तर्फबाट वरिष्ठ नर्सिङ प्रशासक केसीसहित विश्व स्वास्थ्य सङ्गठन अनुगमन ढाँचाबारे शङ्कक भट्ट, दानबहादुर खड्कालगायतले विभिन्न तथ्याङ्कसहितको विशेष अवधारणाहरु सार्वजनिक गर्नुभएको थियो।रासस

# बैङ्किङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुन्छः कार्यवाहक प्रमुख आयुक्त भण्डारी



काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बैङ्किङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने बताउनुभएको छ।

आयोगमा सोमबार आयोजित बैंकरहरुसँगको छलफलमा उहाँले हात, हातमा पैसा लिएर चुनावमा खर्च गर्न नपाइने व्यवस्था गरिएको बताउनुभयो। यसकै लागि आयोगले छुट्टै निर्देशिका बनाएको जानकारी उहाँले दिनुभयो। जसअनुसार राजनीतिक दल र उम्मेदवारले चुनावमा खर्च गर्न छुट्टै बैंक खाता खोल्ने व्यवस्था आयोगले गरेको छ। निर्वाचनमा भाग लिने दल र उम्मेदवारले पहिलेका चुनावमा बैंक खातामार्फत खर्च गर्नुपर्ने अनिवार्य गरिएको थिएन। यस वर्षदेखि भने दल र उम्मेदवारले निर्वाचन खर्च अनिवार्य बैंक खातामार्फत गर्नुपर्ने व्यवस्था लागू गरेको हो।

"भूगोलअनुसार उम्मेदवारले रु २५ लाखदेखि ३३ लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ, उम्मेदवारको खाताबाट पैसा कता जान्छ भन्ने अनुगमन पनि यसपटक हुन्छ, आर्थिक अनुशासनका लागि यो व्यवस्था गरिएको हो", कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो।

आयोगका सचिव कृष्णबहादुर राउतले कालीकोटजस्तो दुर्गम जिल्लाका सबै उम्मेदवारले बैंक खाता खोलिसक्दा सुगम जिल्लाका धेरै उम्मेदवारले अझै खाता नखोलेको बताउनुभयो। ७५३ वटै स्थानीय तहमा कुनै न कुनै बैंकको उपस्थिति रहेकाले खाता खोल्न यति असहज हुनु नपर्ने उहाँको भनाइ थियो। दल र उम्मेदवारले रु २५ हजारभन्दा बढी रकम बैंक खाताबाट लिने र खर्च गर्नुपर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले तीन हजार ४०६ जना प्रत्यक्षतर्फका उम्मेदवारमध्ये हालसम्म ६७१ जनाले मात्र बैंक खाता खोलेको निर्वाचन आयोगको प्रणालीमा सूचना प्राप्त भएको जानकारी दिनुभयो। नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले कतिपय उम्मेदवारको राष्ट्रिय परिचयपत्र नभएकै कारण खाता खोल्न नसकेको जानकारी दिनुभयो। राजनीतिक दल र उम्मेदवारले खर्च गर्ने संयन्त्र के हुने भन्ने पनि प्रष्ट पारिनुपर्ने उहाँको भनाइ थियो।

कार्यक्रममा विभिन्न बैंकका प्रमुख कार्यकारी अधिकृतहरुले निर्वाचन खर्च सकिएर बाँकी रहेको पैसा के गर्ने ? भनी जिज्ञासा राखेका थिए। यस विषयमा आयोगले पछि निर्णय गर्ने जनाएको छ। आयोगले यसपटक गरेको यो व्यवस्थाले सम्पत्ति शुद्धीकरण र नेपाललाई 'ग्रे लिष्ट'बाट हटाउनका लागि पनि सहयोग गर्ने विश्वास लिइएको छ। आगामी निर्वाचनहरुमा यो व्यवस्थालाई अझै परिष्कृत गर्दै लैजानुपर्नेमा जोड दिइएको थियो।

**चुनाव नीति प्रधान हुनुपर्छः कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी**

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन धनभन्दा नीति प्रधान हुनुपर्ने बताउनुभएको छ।

निर्वाचन आयोगद्वारा आयोजित 'निर्वाचन प्रचारप्रसार खर्च व्यवस्थापन र निर्वाचनमा महिलाका लागि सुरक्षित वातावरण प्रवर्द्धन'सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नीतिलाई प्रधानता दिएर दल र उम्मेदवार परिचालित हुनुपर्नेमा जोड दिनुभयो। विसं २०४३ मा रुपचन्द्र विष्टले आफ्ना नीति, कार्यक्रमसहित जनतासँगै पैसा मागेर चुनाव जित्नुभएको स्मरण गर्नुभयो। त्यसबेला यस्तै उम्मेदवार नौ जनाले जितेको पनि उहाँले सुनाउनुभयो। रासस

**सिहदरवार काठमाडौं**

**संघीय अर्थ मन्त्रालयको नाउँमा सार्वजनिक सुचना**

**विषयः** दर्ता नं. १२१४ मिति २०८१/०५/०९ दर्ता अन्तर्गतको बजेट पठाईदिनु हुन संघिय अर्थ मन्त्रालय संग मांग गरेको छु।


E-mail: mof.gov.np https://www.mof.gov.np

प्रतिलिपि उपलब्ध गराई दिने सम्बन्धमा।

EDO18789385NP
RD015579144NP
RD018074264NP
RDD111799037N
RD800748798N
RD690882014N
RH28140629NP
RI128140629NP
RD797554463NP
791084228
RD786930296NP
RD127183866NP
RD786273895NP

**देव शरण साह**

**जउ.म.न.पा. वडा नं १८ मो. ९८१७६३४३७८**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दल बदल तीव्र

लोकतान्त्रिक पद्धतिमा विचार र सिद्धान्त नमिल्ने दल छाड्ने नौलो होइन । सिद्धान्त मिल्नेसित पनि मन नमिले, गलत गतिविधिमा संलग्न भए, सम्मान नगर्नेसित पनि बस्न नसकेर दल परित्याग गरिन्छ । दल बदल समान्य जस्तो देखिए पनि त्यो सहज छैन । हुन त देशमा नयाँ दलहरुको सदस्य हुने पनि पुराना दलहरुसित निकट भएका हुने गर्छन् । नयाँ दलको सदस्यता लिएकाहरुले पनि छाड्ने र पुराना दल छाडेर नयाँमा लाग्ने क्रम बढ्दो छ । एउटा छाड्ने र अर्कोमा प्रवेश गर्ने क्रमले निर्वाचनको मुखमा उम्मेदवारलाई तत्काल फाइदा हुने गर्छ । कतिपय नेताहरुले त आक्रोशमा पनि पार्टी परित्याग गर्छन् । देशमा सवा सयभन्दा बढी दलहरु छन् । तर ती मध्ये बढी चर्चामा दर्जनको हाराहारीमा मात्र छन् । दल बदलले चुनावको परिणामलाई प्रभावित गर्छ । त्यसकारण पनि उम्मेदवारहरुले अन्य दलका नेताहरुलाई प्रभावित गरी आफ्नो दलमा ल्याउन कडा मिहिनेत गर्छन् । नेताको व्यक्तित्व र दलको प्रभावलाई हेरेर पनि दल बदल गरिन्छ । नेपालमा भइरहेको चुनावको मध्यमा दल बदल बढेको छ । युवा नेताहरुले आफ्नो भविष्य सुरक्षित हुने उम्मेदवार र दलहरुलाई समर्थन गर्न थालेका छन् । भदौको २३ र २४ गते अगाडिसम्म देशमा प्रमुख रुपमा तीन दल मात्र रहेका थिए । अन्य दलहरु त्यस भन्दा कमजोर देखिएका थिए । तर भदौ २३ र २४ गतेपछि देशको राजनीतिमा ठूलो परिवर्तन भयो । कांग्रेसका सभापति शेरबहादुर देउवा समेत उनको कार्य समिति विस्थापित भए । गगन थापाको नेतृत्वमा कांग्रेसको नयाँ कार्यसमिति बनेको छ । एमालेको महाधिवेशनबाट केपी शर्मा ओलीले निरन्तरता पाएका छन् । नेपाल कम्युनिष्ट पार्टीमा दर्जन बढी दलहरु समाहित भएका छन् । तर उथलपुथल रोकिएको छैन । नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) नयाँ भए पनि उथल पुथल पुरानो जस्तै भइरहेको छ । कांग्रेसमा पनि दल छाड्ने क्रम जारी छ । एमालेलाई सर्वाधिक क्षति भइरहेको देखिन्छ । त्यसको धेरै कारणहरु छन् । तर दल छाडेर अर्को दलमा चुनावको मुखमा प्रवेश गर्नु प्रमुख रुपमा दुई कारण देखिन्छ । पहिलो पद र धनको प्रलोभन, दोस्रो उम्मेदवारको व्यक्तित्व र उनीसितको व्यक्तिगत सम्बन्ध रहेको मानिन्छ । चुनावमा जितका लागि अन्य दलबाट मत तान्ने भन्दा आफ्नै दलको मतलाई सुरक्षित गर्न पनि उम्मेदवारहरुलाई ठूलो चुनौती देखिएको छ । यसलाई न्यून गर्न सबै दलमा प्रयास भइरहेको छ । तर दल बदलको कारण उम्मेदवारहरुको चुनावी खर्च अप्रत्याशित रुपमा बढ्ने छ । दल बदलहरु मध्ये अधिकांशको आर्थिक मागलाई उम्मेदवारले पुरा गर्नुपर्ने बाध्यता हुन्छ । आर्थिक कारणले पनि दलबदल तीव्र भएको छ ।

# निर्वाचन पछि के आउँछः सुधार कि संकट ?



सविन धमला

इटालीका प्रख्यात मार्क्सवादी दार्शनिक एन्टोनियो ग्राम्सीले आफ्नो 'प्रिजन नोटबुक्स' मा लेखेका थिए "पुरानो मरिरहेछ, तर नयाँ जन्मिने रगत र तागत जुटिसकेको छैन; यही संक्रमणकालमा अनेकौं विकृत लक्षणहरू देखापर्छन् ।" आजको नेपाली राजनीति र समाजको चित्र ठ्याक्कै ग्राम्सीको यही भनाइ वरिपरि घुमिरहेको प्रतीत हुन्छ । आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनलाई धेरैले राजनीतिक स्थिरताको प्रस्थान बिन्दु मानेका छन् ।

सतहमा हेर्दा यो लोकतान्त्रिक अभ्यासको एक प्रक्रिया जस्तो देखिन्छ, जहाँ जनताले मत दिन्छन् र सरकार बन्छ । तर राजनीतिक समाजशास्त्र र अन्तर ाष्ट्रिय सम्बन्धको कसीमा राखेर विश्लेषण गर्ने हो भने, यो निर्वाचन समाधान होइन, बरु नेपालले भोग्दै गरेको गहिरो संरचनात्मक संकटको अर्को एक अध्याय मात्र हो । नेपालको भूराजनीतिमा भइरहेको बदलिँदो शक्ति सन्तुलन, आन्तरिक समाजमा उदाएको 'नव-मध्यम वर्ग' को असन्तुष्टि र परम्परागत राजनीतिक दलहरूको स्खलित साखलाई एकै ठाउँमा राखेर हेर्दा एउटा भयावह निष्कर्ष निस्किन्छ, यो भनेको 'आगामी निर्वाचनले स्थिरता दिनेछैन । बरु, यसले अस्थिरताको यस्तो नयाँ दुष्चक्रमा देशलाई फसाउनेछ, जसबाट निस्कन नेपालले अर्को ठूलो संवैधानिक वा राजनीतिक महासंग्रामको सामना गर्नुपर्ने हुन्छ ।मैले यो लेखमार्फत निराशा प्रक्षेपण गर्न खोजेको होइन, बरु अंकगणितको भ्रम भन्दा पर रहेर नेपालको भविष्यमा आइपर्नसक्ने भूराजनीतिक दुर्घटना र सामाजिक विग्रहको नजाकतलाई चिरफार गर्नु हो ।

**हङ पार्लियामेण्टको पासो र 'अपवित्र गठबन्धन'**

गामी निर्वाचनको सम्भावित परिणामलाई लिएर अहिले नै विभिन्न राजनीतिक पण्डितहरूले आँकलन शुरु गरिसकेका छन् । हुनत अहिले नै यसरी आँकलन गर्नु अपरिपक्व र आचार संहिता बिरुद्ध जस्तो देखिन्छ । तथापि सम्भावित जोखिम देखाउनुपर्छ भन्ने अभिप्राय हो । अहिले जनमतको तिब्र विभाजन र हाम्रो निर्वाचन प्रणालीको चरित्रलाई हेर्दा कुनैपनि दलले स्पष्ट बहुमत ल्याउने सम्भावना गणितीय रूपमै असम्भव प्रायः देखिन्छ । सम्भावित परिदृश्यअनुसार निर्वाचनपछि नेपाली काँग्रेस, नयाँ उदाउँदो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र मधेस केन्द्रित दलहरूको गठबन्धन सरकार बन्ने सम्भावना प्रबल देखिन्छ । र नेकपा एमाले तथा नेपाली कम्युनिष्ट पार्टी जस्ता परम्परागत कम्युनिस्ट शक्तिहरू प्रतिपक्षमा खुम्चिने सम्भावना छ ।

नेपाली राजनीतिमा यस्ता गठबन्धन हुने गरेका छन् । जेन-जी आन्दोलनले यस्तै गठबन्धनलाई ढालेको हो । हामीले माथि सरकार बनाउने सम्भावित गठबन्धलाई राजनीतिशास्त्रको भाषामा पनि 'जैविक स्वाभाविक गठबन्धन' मानिँदैन । बेलायती राजनीतिशास्त्री तथा दार्शनिक एडमण्ड बर्कले दलहरूको परिभाषा गर्दै भनेका थिए "दल भनेको कुनै खास सिद्धान्तमा सहमत मानिसहरूको समूह हो, जसले राष्ट्रिय हितका लागि काम गर्छ।" तर नेपालको यो सम्भावित समीकरणमा सिद्धान्तको कतै गुञ्जायस रहनेछैन ।

नेपाली काँग्रेस परम्परागत (नेता गगन थापा पार्टी सभापति भएपछि सुधारिने संकेत देखिएको भएपनि), यथास्थितिवादी र उदार लोकतन्त्रको वकालत गर्ने पुरानो शक्ति हो भने रास्वपा आम निराशाको जगमा उदाएको, 'र्याडिकल' सुधारको नारा बोकेको र हदैसम्म पपुलिस्ट चरित्र भएको शक्ति हो । मधेसवादी दलहरूको आफ्नै सिमित क्षेत्रीय एजेण्डा (क्षेत्रीय एजेण्डा बाहेक अरु विषयमा जस्तो पनि निर्णय लिन पछि पर्दैनन्) छन् । यी तीन नितान्त फरक 'स्कुलिङ' भएका दलहरू एकै ठाउँमा आउनुको एकमात्र उद्देश्य सत्ता प्राप्ति मात्र हुनेछ ।

विगतमा २०५१ सालको त्रिशंकु संसद र २०६४ पछिको संविधानसभा कालमा जब-जब यस्तै ' कम्प्रमाइज' मा सरकार बन्यो, तब-तब नेपालमा विकृति मौलाएको इतिहास साक्षी छ । 'प्राडो-पजेरो काण्ड' देखि 'सांसद खरिद-विक्री' सम्मका घटना यही अस्थिर गणितका उपज थिए । नेपालमा 'क्रोनि क्यापिटलिजम' को विधिवत सुरुवात यहि समयबाट भएको मान्न सकिन्छ । समाजशास्त्री म्याक्स वेबरले नेतृत्वको वैधतालाई 'परम्परागत', 'करिश्माटिक' र ' कानूनी' गरी तीन भागमा विभाजन गरेका छन् ।

रास्वपाजस्ता नयाँ दलहरूको शक्ति उनीहरूको ' करिश्माटिक अथोरिटी' मा अडिएको छ, जुन उनीहरूको 'विद्रोही छवि' बाट निसृत हुन्छ । तर, जब उनीहरू कांग्रेसजस्तो 'संस्थापन' शक्तिसँग मिलेर सरकारमा जानेछन्, उनीहरूको त्यो 'विद्रोही' छविमा क्षयीकरण शुरु हुनेछ । सरकार बनेको केही महिनाभित्रै मन्त्रालयको भागबन्डा, राजनीतिक नियुक्ति र भ्रष्टाचारका पुराना फाइलहरू खोल्ने विषयमा अन्तरविरोध शुरु हुनेछ । काँग्रेसको संस्थापन पक्षले पुरानो संयन्त्रलाई सुधार्दै चलाउन चाहने र रास्वपाले आफ्नो 'कोर भोटर' लाई शान्त पार्न आक्रामक सुधारको बाटो रोज्न खोज्ने अन्तरद्वन्द्वले सरकारलाई भित्रैबाट खोक्रो बनाउनेछ ।

**उत्तरको 'रेड लाइन' : तिब्बत र सुरक्षाको नयाँ भाष्य**

आन्तरिक राजनीतिको यो कमजोर धरातलमा जब भूराजनीतिको खेल मिसिन्छ, तब स्थिति विष्फोटक बन्न पुग्छ । मैले अधिकतम सम्भावना देखेको 'लिबरल' गठबन्धनलाई उत्तरी छिमेकी चीनले 'स्वाभाविक' रूपमा लिने छैन । नेपालका कम्युनिस्ट पार्टीहरूलाई आफ्नो 'वैचारिक र रणनीतिक मित्र' मान्दै आएको बेइजिङका लागि उनीहरू सत्ता बाहिर हुनु र सरकारको साँचो पश्चिमा मुलुकहरूसँग निकट मानिने भनेर भाष्य बनाइएको शक्तिहरूको हातमा पुग्नु गम्भीर सुरक्षा चुनौतीको विषय हो ।

अमेरिकी भूराजनीतिक विश्लेषक रोबर्ट काप्लानले आफ्नो पुस्तक 'द रिभेन्ज अफ जियोग्राफी' मा लेखेका छन् "भूगोल नै नियति हो । साना राष्ट्रहरूले ठूला शक्तिहरूको चेपुवामा सधैं आफ्नो अस्तित्वको लडाइँ लड्नुपर्छ ।" नेपालको सन्दर्भमा यो भनाइ सतप्रतिशत लागु हुन्छ । चीनका लागि तिब्बत उसको सुरक्षाको सबैभन्दा कमजोर र संवेदनशील अंग हो । इतिहासलाई पल्टाएर हेर्ने हो भने, सन् १९६० र ७० को दशकमा नेपालको मुस्ताङ जिल्लामा सीआईएको प्रत्यक्ष सहयोग र लगानीमा खम्पा विद्रोहीहरूले जुन सशस्त्र गतिविधि सञ्चालन गरे, त्यो चीनको सार्वभौमिकतामाथिको गम्भीर प्रहार थियो ।



अन्ततः राजा वीरेन्द्रको सुझबुझपूर्ण कदम र नेपाली सेनाको कारबाहीपछि सन् १९७४ मा खम्पा विद्रोह निःशस्त्रीकरण गरियो । तर चीनको रणनीतिक स्मृतिमा त्यो घटना अझै पनि एउटा गहिरो घाउ बनेर रहेको छ । अहिलेको परिदृश्यमा, यदि नयाँ सरकारले जानेर वा नजानेर 'तिब्बत कार्ड' प्रयोग गर्ने चेष्टा गर्यो भने चीनले त्यसलाई हल्का रूपमा लिने छैन । सन् २०२२ मा अमेरिकी उपविदेशमन्त्री उज्रा जेयाले नेपाल भ्रमणका क्रममा उब्जाएको शंकाको बीउ (जावलाखेलस्थित तिब्बती शरणार्थी शिविरको निरीक्षण भ्रमण) पुनः अङ्कुरित हुनेछ ।अन्तर्राष्ट्रिय सम्बन्धका यथार्थवादी विद्वान जोन मियर्सहाइमरको 'अफेन्सिभ रियालिज्म' को सिद्धान्तअनुसार 'महाशक्ति राष्ट्रहरूले आफ्नो छिमेकमा अर्को महाशक्तिको उपस्थितिलाई कहिल्यै सहँदैनन् ।'

यदि नेपालको नयाँ सरकारले पश्चिमाको दबाबमा आएर शरणार्थीलाई प्राथमिकतामा राख्ने पहिचान दिने काम गर्यो भने, चीनले 'वुल्फ वारियर डिप्लोमेसी' को प्रयोग गर्नसक्छ । यसको स्वरूप केवल वक्तव्यबाजीमा सीमित नभई, तातोपानी र रसुवागढी नाकामा 'प्राविधिक अवरोध', पूर्वाधार परियोजनामा असहयोग र प्रतिपक्षी कम्युनिस्ट दलहरूलाई 'सडक तताउन' रणनीतिक सहयोगका रूपमा एक साथ (ब्वाँसोहरुको आक्रमण जस्तो) प्रकट हुनसक्छ ।

**दक्षिणको 'सेट बेली' र 'इण्डो-प्यासिफिक' को छाया**

नेपालको यो सम्भावित राजनीतिक परिदृश्यले दक्षिणी छिमेकी भारतलाई पनि चैनको निन्द्रा दिने छैन । भारतको विदेश नीतिमा नेपाल सधैं उसको 'सुरक्षा छाता' को महत्वपूर्ण अंग रहँदै आएको छ । भारतले नेपाललाई आफ्नो 'सफ्ट बेली'को हिस्सा (नेपालको दक्षिणतर्फको तराईदेखि गङ्गा तटीय क्षेत्र) अर्थात सुरक्षाको दृष्टिकोणले संवेदनशील तल्लो पेट मान्छ । भारत नेपालमा चीनको प्रभाव घटेको हेर्न चाहन्छ, यो सत्य हो ।

तर त्यसको सट्टामा अमेरिका वा पश्चिमा शक्तिहरूको एकलौटी प्रभाव स्थापित भएको हेर्न चाहँदैन । भारतलाई राम्रोसँग थाहा छ कि यदि काठमाडौंमा पश्चिमा एजेन्सीहरूको चलखेल बढ्यो भने त्यसको सिधा असर भारतको खुला सीमाना हुँदै उत्तर प्रदेश र बिहारको सुरक्षामा (सफ्ट बेलीको सुरक्षा) पर्छ । अझ गम्भीर कुरा, यदि नेपालको नयाँ सरकारले पश्चिमाको उक्साहटमा तिब्बत मामिला उचाल्यो र चीनले प्रतिक्रियास्वरूप नेपालको उत्तरी सीमामा सैन्य गतिविधि बढायो भने, भारतको 'चिकेन नेक' (सिलिगुडी करिडोर) क्षेत्र थप दबाब र जोखिममा पर्नेछ ।

भारत नेपाललाई शक्ति राष्ट्रहरूको 'प्ले ग्राउण्ड' भएको हेर्न चाहँदैन । त्यसैले, यो नयाँ सरकारले ' लक्ष्मण रेखा' पार गरेर पश्चिमाहरूसँग सामरिक साझेदारी (जस्तै एसपीपीको नयाँ संस्करण कुनैपनि) बढाउन थाल्यो भने, स्वयं भारतले नै यो सरकारलाई अस्थिर बनाउन भुमिका खेल्नेछ । काठमाडौंमा सरकार बनाउने र गिराउने 'माइक्रो-म्यानेजमेन्ट' को भारतीय अनुभव निकै पुरानो र प्रभावकारी छ ।

**समाज विज्ञानको 'प्याराडाइम सिट'- नव-मध्यम वर्गको उदय र विद्रोह**

राजनीति र भूराजनीतिभन्दा पर, नेपालको समाजको भित्री तहमा अर्को ठूलो 'टेक्टोनिक सिफ्ट' भइरहेको छ, जसलाई नबुझी गरिने कुनै पनि राजनीतिक विश्लेषण अधुरो हुन्छ । त्यो हो नेपालमा 'नव-मध्यम वर्ग' को व्यापक विस्तार र उनीहरूको बदलिँदो मनोविज्ञान । नेपालका वरिष्ठ समाजशास्त्री प्रा. चैतन्य मिश्रले आफ्नो विश्लेषणमा बारम्बार भनेका छन्, "नेपालको अर्थतन्त्र अब परम्परागत कृषिमा होइन, रेमिट्यान्स र परजीवी पुँजीवादमा अडिएको छ ।" यही रेमिट्यान्स अर्थतन्त्रले नेपालमा गरिबीको रेखा मुनिको जनसंख्यालाई माथि उकासेर मध्यम वर्गमा रूपान्तरण गरेको छ ।

अहिलेको 'जेन-जी' त्यही वर्गको प्रतिनिधि हो, जसले आफ्ना अभिभावकले गरिबीबाट माथि उठ्न गरेको कठोर संघर्ष, खाडीको तातो घाम वा सहरको साँघुरो डेराको पीडा नजिकबाट देखेको छ । फ्रेन्च समाजशास्त्री पियरे वोर्दियुको 'सांस्कृतिक पुँजी' को अवधारणा यहाँ सान्दर्भिक देखिन्छ । नेपालको यो नव-मध्यम वर्गसँग पैसा (आर्थिक पुँजी) छ, प्रविधिको पहुँच छ, तर राज्यसत्तामा उनीहरूको सम्मानजनक पहुँच (सांस्कृतिक र राजनीतिक पुँजी) छैन ।

यो वर्गले आफ्नो जनसंख्याको दम्भमा समानान्तर सरकार हुँ भन्ने घमण्ड गर्छ । यहि घमण्डलाई सत्य देखाउन हरदम क्रियाशील तर अस्थिर भइरहन्छ । यो उसको सुरक्षाको प्रत्याभूतिको खोजि हो । यस्तै यो वर्ग अब 'गास, बास र कपास' को परम्परागत नारामा अल्झिँदैन । उनीहरूको प्रश्न पनि बदलिएको छ "हामीले कर तिर्छौं, तर राज्यले हामीलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र डिजिटल सेवा किन दिँदैन ?" उनीहरूलाई राजनीतिबाट सबै निकाश आओस् भन्छन् तर पुराना दलहरूको 'झोले' र 'कार्यकर्ता' आधारित संरचना प्रति चरम घृणा छ ।

वकास' मात्र होइन, 'प्रणाली' र 'विधिको शासन' खोजिरहेका छन् । तर आगामी निर्वाचनबाट बन्ने सरकार पनि उही पुरानो कर्मचारीतन्त्र र राजनीतिक संस्कारको बन्दी बन्ने निश्चित छ । राज्यको संरचना हार्डवेयर र मध्यम वर्गको अपेक्षा सफ्टवेयर बीचको यो 'मिसम्याच' नै आगामी दिनमा देखिने अस्थिरताको सबैभन्दा बलियो सामाजिक इन्धन बन्नेछ । यो वर्गले आफ्नो अनुकूलको व्यवस्था नबनेसम्म सामाजिक सञ्जालदेखि सडकसम्म निरन्तर विद्रोह गरिरहनेछ ।

**'शार्प पावर' र सूचना युद्ध - म्यानुपुलेसनको नयाँ खेल**

उदाउँदो मध्यम वर्ग र युवा पुस्ता जति महत्वाकांक्षी छ, त्यति नै संवेदनशील र 'म्यानुपुलेट' हुनसक्ने जोखिममा छ । अन्तर्राष्ट्रिय सम्बन्धका विद्वान जोसेफ न्येले 'सफ्ट पावर' र 'हार्ड पावर' को चर्चा गरे पनि, अहिलेको युग 'शार्प पावर' को हो । शार्प पावरले भ्रम छरेर, समाजलाई विभाजित गरेर र सूचनालाई तोडमोड गरेर आफ्नो स्वार्थ पूरा गर्छ । नेपाल अहिले यही शार्प पावरको प्रयोगशाला बनेको छ । नेपालको मध्यम वर्ग ' मल्टिपल हाइपर कनेक्टेड' छ ।

उनीहरू आफ्नो धारणा पत्रिका पढेर होइन, टिकटक, ट्वीटर र फेसबुकका रिल्स, सर्ट्स भिडियो हेरेर बनाउँछन् । भाषाविद् तथा दार्शनिक नोम चोम्स्कीले आफ्नो पुस्तक 'म्यानुफ्याक्चरिङ कन्सेन्ट'मा भने झैं, अब मिडिया र अल्गोरिदममार्फत जनताको सहमति वा असहमति 'तयार' पारिन्छ । एमसीसी प्रकरण यसको ज्वलन्त उदाहरण हो । एमसीसीको पक्ष र विपक्षमा जसरी नेपाली समाज रातारात ध्रुविकृत भयो, त्यो स्वाभाविक थिएन ।

एकातिर "एमसीसी आए अमेरिकी सेना आउँछ" भन्ने भाष्य र अर्कोतिर "एमसीसी नआए देश डुब्छ" भन्ने भाष्य दुवै भूराजनीतिक शक्ति केन्द्रहरूले सिर्जना गरेका 'न्यारेटिभ' थिए । शक्ति राष्ट्रहरूले अब नेपालका नेतालाई मात्र होइन, जनताको दिमागलाई सिधै नियन्त्रण गर्न खोजिरहेका छन् । कुनै सरकारलाई चीनसँग नजिक हुनबाट रोक्नु पर्‍यो भने 'ऋण पासो' को हल्ला फैलाइन्छ, र अमेरिकासँग भने 'युक्रेन बन्ने' त्रास देखाइन्छ । मध्यम वर्ग, जसले सूचनाको गहिराइमा पुगेर सत्यतथ्य जाँच गर्दैन, ऊ थाहै नपाइ विदेशी शक्तिको 'डिजिटल पैदल सिपाही' बनिरहेको छ । यो ' म्यानुपुलेसन' ले सरकारलाई कुनै पनि स्वतन्त्र निर्णय लिन नसक्ने गरी प्यारालाइज गरिदिन्छ ।

**२०८४ को क्षितिजः 'क्रिटिकल जंक्चर' र नयाँ नेपाल डक्ट्रिनको खोजी**

प्रसिद्ध अर्थशास्त्री डारोन एसेमोग्लु र जेम्स रबिन्सनले आफ्नो चर्चित पुस्तक 'ह्वाइ नेसन्स फेल' मा 'क्रिटिकल जंक्चर' को अवधारणा अघि सारेका छन् । यो त्यस्तो ऐतिहासिक मोड हो, जहाँ पुरानो व्यवस्था पूर्ण रूपमा असफल हुन्छ र नयाँ बाटो रोज्ने अवसर प्राप्त हुन्छ । आगामी फागुनको निर्वाचन र त्यसपछिको २-३ वर्षको अस्थिरताले नेपाललाई ठ्याक्कै त्यही ' क्रिटिकल जंक्चर' मा पुर्याउनेछ । आगामी निर्वाचनबाट बन्ने मिलिजुली सरकारले न त भूराजनीतिक सन्तुलन मिलाउन सक्नेछ, न त नव-मध्यम वर्गको आकाक्षा नै पूरा गर्न सक्नेछ ।

उत्तरको दबाब, दक्षिणको संशय र आन्तरिक विद्रोहले सरकारलाई थिलथिलो बनाउनेछ । जनतामा व्यवस्थाप्रति नै चरम वितृष्णा जाग्नेछ । यही संकट को बिन्दुबाट नेपालमा 'अर्को निर्णायक निर्वाचन' को आवश्यकता महशुस हुनेछ । त्यो सम्भवतः वि.सं. २०८४ साल वा सोभन्दा अगाडि नै हुन सक्छ । २०८४ को निर्वाचन सामान्य आवधिक निर्वाचन हुनेछैन, त्यो नेपालको भविष्य तय गर्ने 'महासमर' हुनेछ । त्यसबेला नेपाली जनताले बुझ्नेछन् कि त्रिशंकु संसद र अस्थिर गठबन्धन देशका लागि अभिशाप हुन् ।

त्यसबेलाको जनादेशले दुईवटा कुराको माग गर्नेछः पहिलो शासकीय सुधार : प्रत्यक्ष निर्वाचित कार्यकारी वा बलियो सरकार दिने निर्वाचन प्रणाली, जसले साना दलहरूको बार्गेनिङ अन्त्य गरोस् । दोश्रो नेपाल डक्ट्रिन : राजा महेन्द्रले शितयुद्धको बेला अपनाएको जस्तै, तर लोकतान्त्रिक ढाँचामा, कडा र स्पष्ट 'रणनीतिक स्वायत्तता' सहितको परराष्ट्र नीति । जसले भारत र चीनको जायज सुरक्षा चासोलाई सम्बोधन गर्दै नेपालको भूमि कसैको विरुद्ध प्रयोग हुन नदिने ग्यारेन्टी गरोस्।

**अब काँध फेर्ने समय**

आगामी निर्वाचनले हामीलाई स्थिरताको सपना देखाए पनि, यथार्थमा यो अस्थिरताको नयाँ सुरुङभित्रको प्रवेश मात्र हो । हामीले सामना गर्नुपर्ने भूराजनीतिक चुनौतीहरू विगतभन्दा कैयौं गुणा जटिल र संवेदनशील छन् । नेपाल अब शक्ति राष्ट्रहरूको 'बफर स्टेट' बाट 'ब्याटल ग्राउन्ड' मा परिणत हुने जोखिमको संघारमा छ । तर, इतिहास यस्तो छैन 'ठूला परिवर्तनहरू सधैं ठूला संकटहरूकै गर्भबाट जन्मिएका छन्।'

जसरी एउटा बिरामीलाई निको हुन कहिलेकाहीं ज्वरो आउनुपर्छ, सायद नेपालको राजनीतिलाई पनि सही ट्र्याकमा ल्याउन आगामी केही वर्षको अस्थिरता र संकट आवश्यक छ । २०८४ को 'महासमर' नै त्यो बिन्दु हुनेछ, जहाँबाट नेपालले आफ्नो भूराजनीतिक र सामाजिक 'अर्डर' लाई पुनःव्याख्या गर्दै स्थिरताको नयाँ युगमा प्रवेश गर्नेछ । तबसम्मका लागि भने, नेतृत्व वर्ग, बौद्धिक समाज र आम नागरिकले 'सिट बेल्ट' बाँधेर भूराजनीतिको यो 'रोलर कोस्टर' को यात्रा गर्न तयार रहनुपर्छ । यो समय काँध फेर्ने समय हो, भारी बिसाउने समय होइन ।रातोपाटी

# नेपाललाई उदार र समावेशी नागरिकता नीति आवश्यक छ



प्रविण कुमार कर्ण

नेपाल शान्त तर खतरनाक राष्ट्रिय अवनतिको चरणमा प्रवेश गरिरहेको छ। जनसंख्या वृद्धिदर सुस्त हुँदै गएको छ, युवा पलायन तीव्र भइरहेको छ, र बढ्दो संख्यामा नागरिकहरूले नेपाललाई आफ्नो भविष्य बनाउने देशका रूपमा देख्न छाडेका छन्। विदेशमा काम गर्नु र यहाँसम्म कि विदेशी नागरिकता लिनु सफलताको रूपमा मनाइन्छ, जबकि नेपालमै बस्नु प्रायः असफलताका रूपमा हेरिन्छ।

सोचमा आएको यो परिवर्तन आकस्मिक होइन—यसले गहिरा नीतिगत र शासनसम्बन्धी असफलताहरूलाई प्रतिबिम्बित गर्छ। युवाहरू भ्रष्टाचार, राजनीतिक अस्थिरता, कमजोर कानुनी शासन, र सीमित आर्थिक अवसरका कारण देश छोडिरहेका छन्।

शक्ति सानो राजनीतिक घेराभित्र केन्द्रित रहँदा निराशा र बहिष्करण बढेको छ। विदेशमा रोजगारीले राम्रो आम्दानी मात्र होइन, उच्च सामाजिक हैसियत पनि दिन्छ—जसलाई धेरैले स्वदेशमै असम्भव ठान्छन्। उच्च व्यक्तिगत कर दरले दक्ष पेशेवरहरूलाई नेपालमै बस्न थप निरुत्साहित गर्छ।

यी आर्थिक दबाबसँगै, राष्ट्रिय पहिचानबारे नेपालको बुझाइ झन्झन् संकुचित हुँदै गएको छ। एउटा समूहसँग सम्बन्धित भाषा, संस्कृति र प्रतीकहरूलाई मात्र "साँचो नेपाली" हुने मापदण्डका रूपमा प्रस्तुत गरिन्छ। परिणामस्वरूप, विशेषगरी गैर-नेपाली भाषी नागरिकहरूले आफ्नै देशमा परायापन महसुस गर्छन्। विडम्बनापूर्ण रूपमा, विदेशमा रहेका नेपाली भाषीहरू सजिलै नेपाली मानिन्छन्, तर नेपालमै बस्ने नागरिकहरूलाई कहिलेकाहीं आफ्नो निष्ठा प्रमाणित गर्न भनिन्छ।

यस विरोधाभासका असरहरू गम्भीर छन्।

व्यापक पलायनले आन्तरिक उपभोग कमजोर बनाउँछ, पुँजी विदेशतिर मोडिन्छ, र 'ब्रेन ड्रेन' तीव्र हुन्छ। देशलाई सबैभन्दा आवश्यक परेको बेला दक्ष मानव स्रोत गुम्छ। उही समयमा, नेपालमै बस्ने कुनै इरादा नदेखाउने व्यक्तिहरूकै हातमा राजनीतिक शक्ति केन्द्रित हुँदै गएको छ, जबकि उनीहरू सार्वजनिक रूपमा राष्ट्रवादको वकालत गर्छन्। यस्ता धेरै नेताहरूले आफ्ना परिवारका लागि चुपचाप विदेशी आवास वा नागरिकता सुनिश्चित गरेका छन्।

अझ चिन्ताजनक कुरा के छ भने, नेपालमै जन्मेर हुर्केका व्यक्तिहरू र दशकौंदेखि यहाँ बसेर काम गरेका दीर्घकालीन बासिन्दाहरूलाई पनि नागरिकता नदिने प्रवृत्ति देखिन्छ। अतिराष्ट्रवादी भाष्य प्रयोग गरेर समावेशी सुधारहरू अवरुद्ध गरिन्छ, जसले राष्ट्रिय हितभन्दा विद्यमान शक्ति संरचनालाई बलियो बनाउँछ। व्यवहारमा नागरिकता नीति समावेशीकरणको सट्टा बहिष्करणको औजार बनेको छ।

अब दिशानिर्देशन परिवर्तन अपरिहार्य छ। नागरिकता विविधताप्रतिको डरमा होइन, देशप्रतिको प्रतिबद्धतामा आधारित हुनुपर्छ। नेपाल यहाँ बस्ने, यहाँ योगदान गर्ने, र यहीं आफ्नो भविष्य निर्माण गर्न इच्छुक सबैको हो।

नागरिकता सुधारको आधार समावेशी राष्ट्रिय पहिचान हुनुपर्छ। राज्यले एउटै प्रभुत्वशाली पहिचान थोपर्ने सट्टा नेपालको भाषिक र सांस्कृतिक विविधतालाई सक्रिय रूपमा प्रवर्द्धन गर्नुपर्छ। विविधताले कहिल्यै नेपाललाई कमजोर बनाएको छैन; त्यसलाई नकार्नुले मात्र क्षति पुर्‍याएको छ।

दोस्रो, सरकारी कार्यसम्पादनका लागि अंग्रेजीलाई पनि आधिकारिक कार्यकारी भाषामध्ये एकका रूपमा अपनाउनुपर्छ। आधुनिक ज्ञान, विज्ञान र वैश्विक सञ्चारको ठूलो हिस्सा अंग्रेजीमै सञ्चालन हुन्छ। यो यथार्थलाई स्वीकार्दा राष्ट्रिय भाषाहरूलाई कमजोर नपारी शासनको कार्यकुशलता, शिक्षाको गुणस्तर र अन्तर्राष्ट्रिय संलग्नता सुधार हुन्छ।

तेस्रो, नागरिकता कानुनलाई आधुनिक बनाउनुपर्छ। विदेशी नागरिकता लिएका पूर्व-नेपाली नागरिकहरूलाई नेपालमा न्यूनतम बसोबास अवधि पूरा गरेपछि पुनः नेपाली नागरिकता लिन अनुमति दिनुपर्छ। यस्तो नागरिकतालाई छुट्टै श्रेणीमा राखी प्रधानमन्त्री, सेनाप्रमुख वा प्रधानन्यायाधीशजस्ता संवैधानिक पद धारणमा निश्चित प्रतिबन्ध राख्न सकिन्छ। राष्ट्रिय सुरक्षा र सार्वभौमसत्ता स्थायी बहिष्करण नगरी पनि सुरक्षित गर्न सकिन्छ।

त्यसैगरी, नेपालमा दश वर्षभन्दा बढी समयदेखि बसेर काम गरेका विदेशी नागरिकहरू, तथा नेपालमै जन्मेर हुर्केका बालबालिकाहरूलाई स्पष्ट र पारदर्शी सर्तहरूअन्तर्गत नागरिकताका लागि योग्य बनाइनुपर्छ। नेपालमै स्थायी बसोबास गर्ने प्रतिबद्धता जनाउने नेपाली महिलाका विदेशी जीवनसाथीहरूलाई पनि नागरिकताको विकल्प दिनुपर्छ। यी सबै अवस्थामा संवेदनशील राज्य पदहरूका लागि आवश्यक सुरक्षा उपायहरू सहित दत्तक नागरिकताको व्यवस्था गर्न सकिन्छ।

चौथो, नेपाल तटस्थ र समावेशी राष्ट्रिय पहिचानतर्फ उन्मुख हुनुपर्छ। सरकारी संस्थाहरूले भाषा प्रयोग, सार्वजनिक प्रतिनिधित्व, शैक्षिक पाठ्यक्रम र आधिकारिक अभ्यासमार्फत देशको बहुसांस्कृतिक यथार्थ प्रतिबिम्बित गर्नुपर्छ। सांस्कृतिक भिन्नतालाई खतरा ठान्दा विभाजन मात्र गहिरिन्छ।

अन्ततः, नीतिहरू नयाँ पुस्ताका आकांक्षासँग मेल खाने हुनुपर्छ। प्रतिभा जोगाइराख्न विश्वविद्यालयहरूमा गम्भीर सुधार आवश्यक छ। दक्ष र उच्च आम्दानी भएका पेशेवरहरूलाई नेपालमै बस्न र काम गर्न प्रोत्साहन गर्न व्यक्तिगत आयकर दरलाई कम्पनी करसँग तुलनात्मक स्तरमा घटाउनुपर्छ।

नेपाल आफ्ना मानिसहरू गुमाउँदै, यहाँ समाहित हुन चाहनेहरूलाई अस्वीकार गर्ने हैसियतमा छैन। उदार, समावेशी र व्यवहारिक नागरिकता नीति राष्ट्रिय एकताका लागि खतरा होइन—यो आर्थिक स्थिरता, लोकतान्त्रिक मजबूती र दीर्घकालीन अस्तित्वका लागि अपरिहार्य शर्त हो।

# निर्वाचन प्रचार-प्रसार गर्न पाइने




काठमाण्डु। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबारदेखि औपचारिक रुपमा प्रचार-प्रसार गर्न पाइने भएको छ।मतदान हुने दिनभन्दा १५ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारअन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था छ।

सोही व्यवस्थाअनुसार, सोमबारदेखि यही फागुन १८ गते राति १२ बजेसम्म राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचन प्रचार-प्रसार गर्न सक्ने छन्। निर्वाचनको निष्ठालाई उच्च प्राथमिकतामा राखेर दल तथा उम्मेदवार एवं अन्य सरोकारवाला सबैले निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचन प्रचार-प्रसार गर्न सक्ने जनाइएको छ। सोही व्यवस्थाभित्र रहेर राजनीतिक दलका उम्मेदवारले औपचारिक रुपमा मतदातासमक्ष मत माग्न पाउनेछन्।

आयोगले आचारसंहिता कार्यान्वयन तथा अनुगमनमा विभिन्न संयन्त्र परिचालन गरिरहेको छ। राजनीतिक दल तथा उम्मेदवार हरूलाई आचारसंहिता उल्लङ्घन भएको बारे पत्र काटेर स्पष्टीकरण सोध्ने, कानुनी कारबाहीका लागि अघि सर्नुपर्ने अवस्था नआओस् भन्ने स्पष्ट पारेको छ।

आचारसंहिता राजनीतिक दल एवं सरोकारवाला पक्षहरूसँग व्यापक विचार-विमर्श गरेर तर्जुमा गरिएको आयोगले स्मरण गराएको छ। आचारसंहिताको पूर्ण परिपालना गर्छौं भनेर सबै राजनीतिक दलहरूले प्रतिबद्धता जनाएका छन्।आचारसंहिता उल्लङ्घनका घटनामा आयोगले शून्य सहनशीलता नीति अवलम्बन गरेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनुभयो। उल्लङ्घनकर्तालाई आयोगले स्पष्टीकरण सोध्ने र उल्लङ्घनको प्रमाण तथा अवस्था हेरेर सचेत, दण्डजरिवाना तथा उम्मेदवारी खारेजीसम्म हुने कानुनी व्यवस्था छ।

यसैगरी, दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै 'अनलाइन' सञ्चारमाध्यममा पनि विज्ञापनवाट प्रचारप्रसार गर्न सक्नेछन्।

निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ।निर्वाचनका समयमा कुनै पनि दल वा उम्मेदवारविरुद्ध तथा निर्वाचनलाई प्रतिकूल असर पार्ने उद्देश्यले सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट एवं सङ्गठित रूपमा निहित राजनीतिक स्वार्थका लागि फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिन नपाइने आयोगले उल्लेख गरेको छ।रासस

# काठमाडौँ-५ मा प्रमुख दलका नेताकै बढी चर्चा

काठमाण्डु। आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति नजिकिँदै जाँदा मुलुकभर निर्वाचनमय वातावरण बन्दै गएको छ। यही फागुन २१ गते हुने निर्वाचनका लागि आजदेखि प्रचारप्रसार गर्ने समय सुरु भएपछि चुनावी माहोल थप तातेको छ।

सङ्घीय राजधानी काठमाडौँको प्रतिनिधिसभा क्षेत्र नं ५ मा विगतमा विजयी हासिल गरेका र प्रमुख प्रतिस्पर्धी उम्मेदवारदेखि विभिन्न दलबाट नयाँ र स्वतन्त्र गरी २४ जनाले उम्मेदवारी दिनुभएको छ। यस निर्वाचन क्षेत्रमा उपप्रधानमन्त्रीदेखि मन्त्रीको जिम्मेवारी सम्हालिसकेका र पार्टीको प्रमुखदेखि वरिष्ठ उपाध्यक्ष, महामन्त्रीलगायत पद सम्हालेका व्यक्तिले उम्मेदवारी दिनुभएको छ।




काठमाडौँ-५ मा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल, नेकपा (एमाले) का वरिष्ठ नेता ईश्वर पोखरेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष कमल थापा, नेपाल कम्युनिष्ट पार्टीका कल्पना शर्मा र राष्ट्रिय स्वतन्त्र पार्टीका सस्मित पोखरेल उम्मेदवार हुनुहुन्छ। यस निर्वाचन क्षेत्रमा २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसका पौडेल १५ हजार २६९ मत प्राप्त गरी विजयी हुनुभएको थियो। उक्त निर्वाचनमा एमालेका पोखरेल १० हजार १९० मत प्राप्त गरी निकटतम् प्रतिस्पर्धी बन्नुभएको थियो। रास्वपाका डा प्रणयशम्शेर राणाले पाँच हजार ४७७ मत प्राप्त गर्नुभएको थियो भने राप्रपाका रामप्रसाद उप्रेतीले तीन हजार १६२ मत पाउनुभएको थियो।

कांग्रेस महामन्त्रीसमेत रहनुभएका पौडेलले जेनजी पुस्तालगायत आमनागरिकले उठाउँदै आएका सुशासन, आर्थिक विकास, सामाजिक न्याय, सांस्कृतिक पहिचान जस्ता सवाललाई प्राथमिकतामा राखेको बनाउनुभयो। "प्रविधियुक्त र जीवनोपयोगी शिक्षा, सबैका लागि व्यवस्थित सार्वजनिक पार्क, खुला र सुरक्षित सडक, सहज, सुलभ र प्रविधिमैत्री स्वास्थ्य प्रणालीः सबैका लागि स्वास्थ्य बीमा, हाम्रो सम्पदा, हाम्रो पहिचानः कला- संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धन हाम्रा प्राथमिकतामा छन्", उहाँले भन्नुभयो, "त्यस्तै खानेपानी र ढल निकास : एकीकृत र दिगो व्यवस्थापन, युवा रोजगारी र उद्यमशीलताः नवपर्वतन र व्यावसायिक उत्थान, सामाजिक न्याय र सार्वजनिक सेवा प्रभावकारी बनाउनेलगायत विषय पनि हाम्रा मुद्दा हुन्।"

एमालेको गत मङ्सिर २७ गतेदेखि भएको ११औँ महाविधेशनमा अध्यक्षमा निकटतम् प्रतिपर्स्धी रहिसक्नुभएका वरिष्ठ नेता पोखरेलले शैक्षिक र स्वास्थ्य संस्थाको पँहुच तथा गुणस्तर अभिवृद्धिका लागि व्यवस्थित गर्नुपर्नेलगायत विषय आफ्नो प्राथमिकतामा रहेको बताउनुभयो। पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले भन्नुभयो, "उत्पादन र रोजगारीलाई प्रत्यक्ष रुपमा जनतासँग जोड्नुपर्नेछ, सहरी सुविधा व्यवस्थापनका लागि अधुरा भौतिक पूर्वाधार सम्पन्न गर्नुपर्ने र थप निर्माण गर्नुपर्ने विषय हाम्रो एजेण्डामा छन्।"

पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका राप्रपाका उम्मेदवार थापाले राष्ट्रियता र भ्रष्टाचार नियन्त्रणका लागि हिन्दू राष्ट्र र राजसंस्था पुनःस्थापनाको विषयलाई मुख्य एजेण्डा बनाउनुभएको छ। "हाँडीगाउँ र टोखालाई सांस्कृतिक नगरका रुपमा विकास गर्नेछौँ, विष्णुमति, धोबिखोला करिडोरलगायतका बस्तीलाई व्यवस्थित बनाउँने छौँ", उहाँले भन्नुभयो।

नेकपाका उम्मेदवार शर्माले भ्रष्टाचार नियन्त्रण र सुशासन आफ्नो प्रमुख मुद्दा भएको बताउनुभयो। शिक्षा र स्वास्थ्यमा समयानुकूल परिमार्जन र सहज पँहुचको विषयलाई चुनावी मुद्दा बनाउनुभएका उहाँले भन्नुभयो, "सामाजिक न्याय र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनु हाम्रो प्राथमिकताको विषय हो, समयानुकूल कानुन निर्माण र संशोधन अपरिहार्य छ, त्यसका लागि हामी तालिकासहित अघि बढ्नेछौँ।"

रास्वपाका पोखरेलले उत्तरदायित्व, पारदर्शिता र प्रत्यक्ष संवादमार्फत जवाफदेही प्रतिनिधित्व स्थापित गर्ने अठोट व्यक्त गर्नुभयो। यस निर्वाचन क्षेत्रका सबै वडामा, प्रत्येक महिनामा एक वडा केन्द्रित गर्दै सुनुवाइ सञ्चालन गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "स्थानीयका गुनासा, सुझाव, अपेक्षा र प्राथमिकतालाई प्रत्यक्ष रूपमा अभिलेखीकरण गरी, तिनलाई संसद्मा नीतिगत बहस र कार्यक्रम निर्माणसँग जोड्नेछौँ।"

आगामी निर्वाचनका लागि यस क्षेत्रमा जनता समाजवादी पार्टी नेपालबाट दानिन्द्र जोशी, नेपाल मजदुर किसान पार्टीबाट शोभालाल श्रेष्ठ, राष्ट्रिय जनमोर्चाबाट अशोक बिक्रम जिसी, प्रगति लोकतान्त्रिक पार्टी विष्णु श्रेष्ठ, मङ्गोल नेशनल अर्गनाइजेशनबाट मीरा गुरुङ, संयुक्त नागरिक पार्टीबाट स्याम काजी सुनुवार उम्मेदवारी दिनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) निमेस खनाल, गतिशील लोकतान्त्रिक पार्टीबाट नीशा अधिकारी, जय मातृभूमि पार्टीबाट वसन्तराज कुँवर, श्रम संस्कृति पार्टीबाट अमित थापा, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट ज्ञानेन्द्र प्रजापति, उज्यालो नेपाल पार्टीबाट श्रीराम गुरुङ, त्रिमूल नेपालबाट रमेश तामाङ, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) (एकल चुनाव चिह्न) बाट युवराज काफ्ले, आम जनता पार्टी (एकल चुनाव चिह्न) बाट कोमल पौडेलले उम्मेदवारी दिनुभएको छ। स्वतन्त्र उम्मेदवारका रुपमा क्यामुना मिजार, ढकबहादुर कार्की, धर्म डङ्गोल, प्रभा श्रेष्ठ र रमिता सापकोटा हुनुहुन्छ।

समानुपातिकतर्फ गत निर्वाचनमा रास्वपाले ११ हजार ६४७, कांग्रेसले १० हजार ४३, एमालेले नौ हजार ६५२, राप्रपाले सात हजार २०१, माओवादी केन्द्रले एक हजार २२४ मत प्राप्त गरेको थियो।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मुलुकभर ६५ राजनीतिक दलले ६१ निर्वाचन चिह्नमा प्रतिस्पर्धा गर्दैछन्। प्रत्यक्षतर्फ तीन हजार ४०६ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ। त्यस्तै, समानुपातिक निर्वाचन प्रणालीतर्फ ६३ राजनीतिक दलले ५७ निर्वाचन चिह्नमा चुनाव लड्दैछन्। त्यसप्रणालीका लागि महिला एक हजार ७७२ र पुरुष एक हजार ३६३ उम्मेदवार गरी तीन हजार १३५ उम्मेदवारको नाम बन्द सूचीमा समावेश छ। निर्वाचन आयोगले यही माघ ४ गतेदेखि निर्वाचन आचारसंहिता लागू गरेको छ।

यसपटकको निर्वाचनका लागि ९२ लाख ४० हजार १३१ महिला, ९६ लाख ६३ हजार ३५८ पुरुष र २०० अन्य गरी कूल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम रहेका छन्। निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ।रासस

# 'महिला, ज्येष्ठ नागरिक र अशक्त मतदातालाई सहज वातावरण बनाऔँ'

काठमाण्डु। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले आसन्न निर्वाचनमा महिला, ज्येष्ठ नागरिक र शारीरिक रूपले अशक्त मतदातालाई सहजतापूर्वक मतदान गर्ने वातावरण मिलाउन आवश्यक रहेको बताउनुभएको छ। सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब)ले सोमबार आयोजना गरेको 'समाज रूपान्तरणका लागि नागरिक समाजको सुदृढीकरण' विषयक छलफलमा उहाँले निर्वाचनलाई महिला तथा अशक्त नागरिकमैत्री बनाउनुपर्नेमा जोड दिनुभएको हो।



मन्त्री श्रेष्ठले आधा जनसङ्ख्या भएको महिला मतदातालाई सहज रूपमा मत हाल्ने अवस्था सिर्जना गराउन सबैले भूमिका खेल्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "महिला र ज्येष्ठ नागरिकले सहज रूपमा मत हाल्ने वातावरण मिलाउन हामी सबैले प्रयत्न गर्नुपर्छ। साथै निर्वाचनमा बालबालिकालाई प्रयोग गर्नु कानुनविपरीत भएकाले त्यस्ता घटनाको नियमन जरूरी छ।"

मन्त्री श्रेष्ठले निर्वाचनकै लागि भनेर विभिन्न १० वटा मातृभाषामा सार्वजनिक सूचना तयार गरेर प्रसारण भइरहेको जानकारी दिनुभयो। अकोराबका निर्देशक शिरोमणि ढुङ्गानाले आगामी निर्वाचनमा जनस्तरसम्म पुगेर निर्वाचन शिक्षा दिन आवश्यक रहेको बताउँदै अकोराबले मतदाताको पहुँच विकास गर्न आफ्नो भूमिका निर्वाह गर्दै आएको बताउनुभयो।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) का महासचिव राजु घिमिरेले विगतको निर्वाचनमा पनि बालबालिकालाई राजनीतिक पार्टीले चुनाव प्रचारमा प्रयोग गरेर कानुनविपरीत काम गर्दै आएको अनुभव सुनाउदै हालको चुनावमा समेत यस्ता गतिविधि भइरहेको बताउनुभयो। उहाँले अघिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनमा बालबालिकालाई चुनावमा प्रयोग गरिएकाले निर्वाचन आयोगमा २१४ उजुरी परेको जानकारी दिँदै यसपटक 'बालबालिका प्रयोग नगरौँ, बालबालिका शान्ति क्षेत्र हुन्' भन्दै सन्देशमूलक अभियान सञ्चालित गरिएको बताउनुभयो।

प्रयत्न नेपालका अध्यक्ष सरिता लामिछाने दृष्टिविहीन र शारीरिक रूपमा अशक्त मतदाताले सुरक्षित साथ मतदान गर्ने अवस्था बनाउन लाग्नुपर्ने बताउनुभयो। निर्वाचन आयोगलाई मतदानस्थलमा सहज पहुँच बढाउन पहलका लागि उहाँले आग्रह गर्नुभयो।रासस

# मतपत्रसहितका निर्वाचन सामग्री निर्वाचन क्षेत्रमा पठाइँदै

सुदूरपश्चिम। आगामी प्रतिनिधिसभा निर्वाचनका लागि सोमबार कैलालीका लागि मतपत्रसहितका निर्वाचन सामग्री आइपुगेको छ।

प्रदेश निर्वाचन कार्यालय कैलालीका प्रमुख प्रेमराज भट्टले जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रका लागि समानुपातिक निर्वाचनतर्फको र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फको मतपत्रसहितका निर्वाचन सामग्री आइपुगेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "मङ्गलबारसम्म सबै निर्वाचन क्षेत्रमा मतपत्रसहितको सामग्री पुऱ्याउने गरी काम धमाधम भइरहेको छ।" कैलालीको निर्वाचन क्षेत्र-१ मा एक लाख आठ हजार ४९१, क्षेत्र-२ मा एक लाख सात हजार ७५७, क्षेत्र-३ मा एक लाख नौ हजार १२२, क्षेत्र-४ मा एक लाख १५ हजार १४३ र क्षेत्र-५ मा एक लाख १० हजार ५३९ गरी कूल पाँच लाख ५१ हजार ५२ मतदाता छन्।

निर्वाचनका लागि जम्मा ५१ प्रकारका निर्वाचन सामग्री आवश्यक पर्नेमा ३७ प्रकारका सामग्री प्रदेश निर्वाचन कार्यालयबाट र बाँकी १४ प्रकारका निर्वाचन सामग्री केन्द्रबाट आपूर्ति गर्ने व्यवस्था गरिएको छ। फागुन ६ गतेदेखि मतदान अधिकृतका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन हुँदैछ।

निर्वाचनको तयारीको क्रममा सोमबारदेखि सुदूरपश्चिम प्रदेशभरिका सबै वडामा ७३४ मतदाता शिक्षा स्वयंसेवी परिचालन गरेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ। खटिएका मतदाता शिक्षा स्वयंसेवीले विद्यालयका साथै घरदैलो कार्यक्रममार्फत मतदाता शिक्षा दिन थालेका छन्। यही फागुन १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। प्रतिनिधिसभातर्फ १६ निर्वाचन क्षेत्र रहेको सदूरपश्चिम प्रदेशमा राजनीतिक दलका र स्वतन्त्र गरी २०६ जना चुनावी प्रतिस्पर्धामा छन्।रासस

# ललितपुरमा २३ जना उम्मेदवारले बैंक खाता खोल्न लिए सिफारिस

ललितपुर। आगामी प्रतिनिधिसभा निर्वाचनका लागि यहाँका तीनवटा निर्वाचन क्षेत्रबाट उम्मेदवारी दर्ता गराएका ७१ मध्ये २३ जना उम्मेदवारले बैंक खाता खोल्न सिफारिस लिएका छन्।




जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी समिता बस्नेतका अनुसार विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी हालसम्म २३ उम्मेदवारले सिफारिस लिएका हुन्।निर्वाचन आयोगले आगामी निर्वाचनलाई लक्षित गर्दै 'प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२' जारी गरेको छ। उक्त कार्यविधिअनुसार प्रत्येक राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचार खर्चका लागि छुट्टाछुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था गरिएको छ।

ललितपुर क्षेत्र नं १ मा २८ जनाले उम्मेदवारी दर्ता गराएका छन्। तीमध्ये १२ स्वतन्त्र उम्मेदवार रहेका छन्, भने २५ पुरुष र तीन जना महिला उम्मेदवार छन्। ललितपुर क्षेत्र नं २ मा २३ जनाले उम्मेदवारी दर्ता गराएका छन्। तीमध्ये सात जना स्वतन्त्र र १६ जना विभिन्न राजनीतिक दलका उम्मेदवार छन्। यस क्षेत्रमा दुई जना महिला उम्मेदवार रहेका छन्।त्यसैगरी ललितपुर क्षेत्र नं ३ मा २३ जनाले उम्मेदवारी दर्ता गराएकोमा तीन जनाले उम्मेदवारी फिर्ता लिएपछि हाल २० जना उम्मेदवार कायम रहेका छन्।रासस


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

प्रथम पटक प्रकाशित मिति २०८२/११/०५

यस स्वास्थ्य निर्देशनालयको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्का E– Bid मार्फत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा बोलपत्रको सुचना प्रकाशन भए बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित भएको बोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको भनि बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भएको हुंदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आश्यको सुचना प्रकाशन गरिएको छ।

तपसिल

| ठेक्का नं. | कामको नाम | स्वीकृतिको लागि छनौट भएका वोलपत्र दाताहरुको नाम र ठेगाना | कवोल रकम (मु.अ.कर वाहेक) |
|---|---|---|---|
| MP/HD/SQ/GOODS-1/2082-083. | The Procurement and Supply of Super Cereal Plus | Revachi International Pvt. Ltd. Kathmandu 32 | 956849.37 |

Director



**कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८२/११/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : रिद्धि रिद्धम कृषि तथा पशुपक्षि मत्सय पालन**<br>मधेस प्रदेश सरकार, उद्योग, पर्यटन तथा वन मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरी<br>दर्ता नं. १०७३४/१४०/०८०/८१, दर्ता मिति : २०८०/०६/१०, पान नं. ६२०४७३१४१, दर्ता मिति : २०८०/०६/१०<br>ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, **प्रोप्राईटर : विपिन यादव** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : विपिन यादव**<br>ना.प्र.नं.०३३५२८५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५१/१२/१३<br>बाबुको नाम : दिनकर राय यादव<br>बाजेको नाम : मौजे यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही वडा नं. २ | **२. नाम : शैल देवी**<br>ना.प्र.नं. १८३०६४/९३७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/१०/२५<br>पतिको नाम : विपिन यादव<br>ससुराको नाम : दिनकर राय यादव<br>ठेगाना : महोत्तरी जिल्ला, औरही वडा नं. २ |
| | **धितोको विवरण** | |
| | विपिन यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १४५, १४४, १६३ र ५१० को क्षेत्रफल क्रमश: ०-९-१०-०, ०-७-१५-०, ०-७-५-० र ०-२-४-० (बिगाहा), धनुषा जिल्ला, सिजुरजोडा गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-२-१३-० (बिगाहा) र धनुषा जिल्ला, बसहिया गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १८१७ को क्षेत्रफल ०-०-८-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# लुम्बिनी र मधेस प्रदेश गैँडाकोट मेयर कपको फाइनलमा

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा जारी पाँचौं गैँडाकोट मेयर कप राष्ट्रिय टी-ट्वान्टी क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार सेमिफाइनलका खेल सम्पन्न भएका छन् । गैँडाकोट-९ स्थित नवजागरण खेलकुद मैदानमा भएको सेमिफाइनल प्रतिस्पर्धाबाट लुम्बिनी प्रदेश र मधेस प्रदेशको टोली फाइनल प्रवेश गरेका छन् ।



सोमबार भएको पहिलो खेलमा आयोजक गैँडाकोट मेयर्स ११ लाई ४४ रनले पराजित गर्दै लुम्बिनी प्रदेशले फाइनलमा आफ्नो यात्रा सुरक्षित गरेको हो । टस हारेर ब्याटिङको निम्ता पाएको लुम्बिनीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १८१ रन बनायो । लुम्बिनीले दिएको १८२ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रिएको गैँडाकोट मेयर्स ११ ले १९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १३७ रन मात्रै बनाउन सफल भयो ।

लुम्बिनीको जितका लागि कप्तान देव खनालले अर्धशतकीय पारी खेले । उनले ५० बलमा छ छक्का र पाँच चौकाको मद्दतले ७४ रनको योगफल तयार पारे । यस्तै, प्रज्वल थापाले १९ बलमा तीन छक्का र दुई चौकासहित ३८, सम्राट भुसालले २३ बलमा एक छक्का र तीन चौकासहित २७ तथा दीपेश रोक्काले १० बलमा एक छक्का र एक चौकासहित १५ रनको योगदान दिँदा अन्य ब्याटरहरुले दोहोरो अङ्क जोड्न सकेनन् । बलिङतर्फ मेयर्स ११ का बलर चन्द्रकान्त पौडेलले चार ओभरमा २० रन खर्चिँदै लुम्बिनीको चार विकेट लिए पनि टिमलाई हारबाट जोगाउन सकेनन् । यस्तै, गौतम केसीले तीन तथा अपराजित पौडेलले एक विकेट लिए ।

गैँडाकोट मेयर्स ११ का लागि दीपक बोहोराले ४० बलमा एक छक्का र चार चौकासहित ४४ रनको योगफल तयार पारे । यसैगरी हरि चौहानले ३४ बलमा तीन छक्का र चार चौकासहित ४२, कप्तान गौरव विश्वकर्माले १२ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अङ्कको योगफल तयार पार्न सकेनन् । प्रतियोगितामा ब्याटिङमा उत्रिएका मेयर्स ११ का सन्नी विक, आरिफ खान, चन्द्रकान्त पौडेल र अपराजित पौडेल खाता नै नखोली पेबिलोन फर्किए ।

मेयर्स ११ लाई पाखा लगाउने क्रममा लुम्बिनीका सलाउद्दिन खानले चार ओभर बलिङ गर्दै १९ रन खर्चिएर पाँच विकेट लिन सफल भए । यस्तै, वीरबहादुर घर्ती मगरले तीन दशमलव पाँच ओभर बलिङ गर्दै २३ रन खर्चिएर चार विकेट लिँदा कृष्ण कार्कीले एक विकेट लिए । आज नै भएको दोस्रो सेमिफाइनल खेलमा सुदूरपश्चिम प्रदेशविरुद्ध मधेस प्रदेश तीन विकेटले जित निकाल्दै फाइनल प्रवेश गरेको छ । सुदूरपश्चिम प्रदेशले दिएको १५३ रनको चुनौती मधेसले १८ दशमलव दुई ओभर खेल्दै सात विकेटको क्षतिमा पूरा गर्न सफल भयो । यसअघि टस जितेर ब्याटिङ रोजेको सुदूरपश्चिम प्रदेशले २० ओभर खेल्दै ९ विकेटको क्षतिमा १५२ रन बनाएको थियो ।

मधेस प्रदेशको जितका लागि पवन सर्राफले अविजित रहँदै अर्धशतकीय पारी खेले । उनले ३४ बलमा पाँच छक्का र एक चौकाको मद्दतले ५१ रनको योगफल तयार पारे । त्यस्तै मयन यादवले २७ बलमा तीन छक्का र दुई चौकासहित ३८, कप्तान अनिलकुमार शाहले १४ बलमा तीन छक्का र तीन चौकासहित ३३, अविशेख तिवारीले १२ बलमा १० रन बनाउँदा अन्य ब्याटरहरुले दोहोरो अङ्क जोड्न सकेनन् । मधेसका अविशेक कार्की, मोहमद आदिल आलम, हरिशङ्कर साह अङ्कविहीन रहँदै पेबिलोन फर्किए । बलिङतर्फ सुदूरपश्चिमका कैलाश ऐरले तीन एवं मिलन बोहोरा, सौर्य श्रेष्ठ र लोकेन्द्र चन्दले एक/एक विकेट लिएका थिए ।

सुरुआती ब्याटिङमा उत्रिएको सुदूरपश्चिम प्रदेशका कप्तान किरन ठगुन्नाले २३ बलमा एक छक्का र चार चौकासहित ३४ रनको योगफल तयार पारे । त्यस्तै, रोशन साउदले २५ बलमा दुई छक्का र दुई चौकासहित २९, दीपक टमटाले २४ बलमा दुई छक्का र दुई चौकासहित २७, टेक रावतले १० बलमा एक छक्का र दुई चौकासहित २० रनको योगफल तयार पारे । लोकेन्द्र चन्द र कैलाश ऐरले १०/१० रन बनाउँदा अन्य ब्याटरले दोहोरो अङ्कको योगफल तयार पार्न सकेनन् ।

बलिङतर्फ रञ्जित कुमारले चार तथा अविशेख तिवारीले तीन विकेट लिए । प्रतियोगिताको उपाधिका लागि मङ्गलबार बिहान मधेस प्रदेश र लुम्बिनी प्रदेश आमनेसामने हुने भएका छन् । जिल्लाकै ठूलो धन राशिको पाँचौं गैँडाकोट टी-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा सात प्रदेशबाट सात वटा तथा आयोजक एक गरी आठ वटा टिमको सहभागिता थियो । प्रतियोगिताको विजेताले उपाधिसहित रु तीन लाख तथा उपविजेताले रु दुई लाख पुरस्कार पाउनेछन् ।रासस

# ममा खेल्ने भोक अझै छः तीन विश्वकपमा नेपालको तर्फबाट खेलेका सोमपाल कामी

**बीबीसी**

काठमाण्डु । वानखेडे रङ्गशालामा वेस्ट इन्डिजविरुद्धको खेलमा मैदानमा उत्रिनु सोमपाल कामीको लागि विशेष बन्यो।



त्योसँगै नेपालले खेलेको तीन वटै टी-२० विश्वकप खेल्ने एक मात्र खेलाडीको विशेष कीर्तिमान उनको नाममा रह्यो।मैदानमा उनको प्रदर्शन पनि प्रभावशाली थियो। स्कोर बोर्डमा सोचेजस्तो रन नबनिरहेका बेला उनले फटाफट रन बढाउन थाले।मैदानमा सङ्घर्ष गरिरहेका दीपेन्द्र सिंह ऐरीलाई उनले पूरापूर साथ दिए। यी दुईले मिलेर ५४ रनको साझेदारी गरे, जुन विश्वकपमा नेपालको तर्फबाट सातौँ विकेटका लागि सर्वाधिक रनको कीर्तिमान पनि बन्यो।

वेस्ट इन्डिजविरुद्ध हेर्न लायकको इनिङ भनेकै यी दुई मैदानमा हुँदाको क्षण रहेको धेरैले बताए। सोमपालले १७ औँ ओभरमा जेशन होल्डरलाई तीन लगातार चौका प्रहार गरिदिँदा वानखेडेमा उपस्थित १९ हजार दर्शकले खुसी मनाएका थिए। १५ बलमा २६ रन बनाएका सोमपाल अविजित रहेयो प्रदर्शनपछि स्कटल्यान्डविरुद्धको खेलमा पनि सोमपाल पहिलो रोजाइमा पर्ने अनुमान गरिएको छ। तर यदि उनले अन्तिम खेलमा मौका पाएनन् भने वेस्ट इन्डिजविरुद्धको खेल उनको विश्वकपको अन्तिम खेल पनि हुन सक्ने छ। के यो सोमपालको अन्तिम विश्वकप हुने छ? यही प्रश्न उनलाई पोस्ट म्याच प्रेस कन्फ्रेन्समा सोधिएको थियो।

उनले मुस्कुराउँदै जवाफ दिए, "ममा खेल्ने भोक अझै छ"उनको भनाइ थियो, "बाँकी मेरो फिटनेस र नेपाल क्रिकेट सङ्घको निर्णयमा निर्भर रहने छ" सन् २०१४ मा नेपालले पहिलो पटक विश्वकप खेल्दा सोमपाल कामी मात्र १८ वर्षका थिए र त्यति बेला नेपाली राष्ट्रिय क्रिकेट टोलीका सबैभन्दा कान्छा सदस्य थिए।१२ वर्षपछि मुम्बईमा नेपालले तेस्रो टी-२० विश्वकप खेलिरहँदा उनी टोलीका वयस्क सदस्य बनिसकेका छन्। टोलीमा अहिले सोमपाल भन्दा जेठो करण केसी मात्र छन्।सोमपालको क्रिकेट करिअरको उठानमा टी-२० विश्वकपको सहभागिता नै मुख्य देखिन्छ।

सन् २०१४ मा बाङ्गलादेशमा आयोजित नेपालको पहिलो विश्वकपमा प्रशिक्षक पुबुदु दशानायकेले तीव्र गतिका बलरको खोजी गरिरहँदा सोमपालमा पुबुदुको आँखा परेको थियो।भारतमा क्रिकेट सिकेका उनी त्यति बेला नेपाली क्रिकेटमा भविष्य खोज्न आएका थिए। ३ वर्षकै उमेरमा परिवार सँग पन्जाब पुगेका उनी नेपाल फर्किँदा राम्रोसँग नेपाली बोल्न र बुझ्न सक्दैनथे।तर विश्वकप टोलीमा समेटिँदै मुख्य बलरको भूमिका पाएका उनले बाङ्ग्लादेशमा १४० किमिको गतिमा बल फ्याँके। त्यसअघि यति तीव्र गतिमा बल प्रहार गर्ने नेपालमा अन्य बलर थिएनन्।

त्यसपछि हो यी १८ वर्षीय ठिटो 'गुल्मी एक्सप्रेस' को नामले चर्चित हुन पुगेको।सन् २०२४ को अमेरिका/वेस्ट इन्डिज विश्वकप सोमपालको लागि बिर्सिन नसकिने याद बन्न पुग्यो।खास गरी दक्षिण अफ्रिका विरुद्धको १ रनको हारले उनलाई लामो समय झस्काएको थियो।उक्त खेलमा गुलशन झा लाई धेरैले याद गर्ने गर्छ। तर गुलशन सँग नन स्ट्राइकमा सोमपाल थिए। मैदानमा ब्याट समाएर साक्षी बनेका उनलाई त्यो हार बिर्सिन धेरै समय लागेको उनी बताइरहन्छन्।

पन्जाबमा रहँदा ब्याटिङ गर्ने सोमपालले बिस्तारै आफ्नो भूमिका परिवर्तन गर्दै तीव्र गतिका बलरका रूपमा परिवर्तन भएका थिए।बलिङ अलराउन्डर उनको ब्याटिङ पनि त्यति नै तिखो चल्ने गर्छ।२०१४ मा विश्वकप खेले लगत्तै हङकङ र नेपालबीचको खेलमा उनले १० औँ नम्बरमा ब्याटिङ गर्दै सर्वाधिक ४० रनको कीर्तिमान लेखाएका छन्।२०१४ को विश्वकप खेलेसँगै उनी राष्ट्रिय टोलीमा स्थायी सदस्य बनेका थिए। सोमपालको शक्ति भनेकै उनको अनुशासित क्रिकेट प्रेम र इमानदार जीवनशैली मानिन्छ।

फरासिलो मिजासका उनी सहकर्मीसँग ठट्टा गरेर वातावरणलाई रमाइलो गर्न माहिर छन्।राष्ट्रिय टोलीमा अहिले पनि लामो समय एकसाथ खेल्ने खेलाडीहरू छन्। टीमको सम्बन्ध गहिरो छ। जसको प्रभाव खेलमा पनि देख्न सकिन्छ।तुलनात्मक रूपमा अन्य खेलाडीभन्दा तीव्र गतिका बलरहरूको खेल आयु छोटो हुने मानिन्छ। तर सोमपालको 'लाइन र लेन्थ' को सन्तुलन अहिले पनि कायम नै छाकरण र सोमपाल नै अहिलेको टोलीको मुख्य स्ट्राइकर बलर हुन्। करण ३४ वर्षका भए।

नन्दन यादव अहिले नयाँ सदस्यका रूपमा टोलीमा भित्रिएका छन्। प्रतिश जीसी, रिजन ढकाल र हेमन्त धामी जस्ता खेलाडीहरू पनि तयार भएर बसेका छन्।यद्यपि नेपाली क्रिकेटमा लामो समय सेवा दिइसकेका सोमपालको भूमिका अझै लम्बिने उनी स्वयम्लाई विश्वास छाके तपाई अर्को विश्वकप पनि खेल्नुहुन्छ ? भन्ने प्रश्नमा उनले त्यही जबाफ दिए, " फिटनेसले नै सबै कुरा भन्ने छ। तर म खेलिरहन चाहन्छु। मेरो भूमिकाको आवश्यक रहेसम्म। "उनको फिटनेस कायम रहे र नेपाल फेरि अर्को विश्वकपमा छनोट भए सोमपालको नाममा फेरि अर्को कीर्तिमान थपिन सक्छ।

# अमेरिकी व्यापार सम्झौतामा भारतमाथि दबाब




**एएफपी**

मुम्बई ।संयुक्त राज्य अमेरिकासँग गरिएको नयाँ व्यापार सहमतिले भारतभित्र राजनीतिक र आर्थिक बहस चर्काएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापक भन्सार शुल्क नीतिको छायाँमा घोषणा गरिएको यस समझदारीलाई लिएर भारत सरकारले रक्षात्मक अवस्था अपनाउनुपरेको छ भने आलोचकहरूले यसलाई वासिङ्टनसामु झुकेको कदमको संज्ञा दिएका छन् ।

यस महिनाको प्रारम्भमा सार्वजनिक गरिएको सहमतिबारे औपचारिक विवरण सीमित छन् । संयुक्त वक्तव्य र ह्वाइट हाउसको तथ्यपत्रक बाहेक अन्य स्पष्ट प्रावधान बाहिर आएको छैन । तर नयाँदिल्लीले मार्च अन्त्यसम्म अन्तरिम समझदारीलाई अन्तिम रूप दिने जनाएको छ । यही अस्पष्टताले विशेषगरी कृषि क्षेत्रलाई चिन्तित बनाएको छ । शक्तिशाली किसान युनियनहरूले सस्तो अमेरिकी कृषि आयात भित्रिँदा कृषिमा आश्रित ७० करोडभन्दा बढी जनस¥याको रोजगारी र आयमा प्रत्यक्ष असर पर्ने चेतावनी दिएका छन् ।

सम्झौतामा पाँच वर्षभित्र पाँच खर्ब अमेरिकी डलर बराबरका अमेरिकी वस्तु खरिद गर्ने भारतको आशय सबैभन्दा विवादास्पद पक्ष बनेको छ । गत आर्थिक वर्षमा अमेरिकाबाट भारतको कुल आयात करिब ४५ अर्ब डलर मात्र थियो । नयाँदिल्लीस्थित ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवका अनुसार वार्षिक खरिद दोब्बर गरेर एक खर्ब डलर पुऱ्याउने लक्ष्य यथार्थपरक देखिँदैन । उहाँले विमान खरिदलाई मुख्य आधार बनाइए पनि निजी एयरलाइन्सको निर्णयमा निर्भर हुने भएकाले त्यसबाट अपेक्षित परिमाण नआउने तर्क गर्नुभएको छ । यदि आगामी पाँच वर्षमा थप २०० बोइङ विमान खरिद गरिए पनि, प्रतिविमान औसत ३० करोड डलरका दरले जम्मा मूल्य करिब ६० अर्ब डलर मात्र पुग्ने उहाँको अनुमान छ ।

कतिपय अर्थशास्त्रीहरूले भने 'प्रतिबद्धता' भन्दा 'आशय' शब्द प्रयोग गरिएकोले भारतलाई लचिलोपन मिल्ने बताएका छन् । क्यापिटल इकोनोमिक्सका शिवान टन्डनका अनुसार बाध्यकारी प्रावधान नराखी लक्ष्य निर्धारण गर्दा भविष्यमा लक्ष्य अपूरो रहे पनि कूटनीतिक जोखिम कम हुन्छ । यद्यपि ट्रम्प प्रशासनको अप्रत्याशित शैलीले अनिश्चितता कायम राखेको विश्लेषकहरूको भनाइ छ । गत जुलाईमा भएको अर्को व्यापार सहमतिको कार्यान्वयनमा ढिलाइ भएको आरोप लगाउँदै ट्रम्पले दक्षिण कोरियामाथि थप कर लगाउने चेतावनी दिनुभएको उदाहरण उनीहरूले स्मरण गराएका छन् ।

ऊर्जा क्षेत्र पनि अर्को संवेदनशील विन्दु बनेको छ । वासिङ्टनले भारतले रुसी तेल खरिद रोक्ने 'प्रतिबद्धता' जनाएको दाबी गर्दै २५ प्रतिशत अतिरिक्त शुल्क फिर्ता लिएको बताइए पनि संयुक्त वक्तव्यमा यस्तो उल्लेख छैन। भारत सरकारले यसबारे स्पष्ट पुष्टि वा खण्डन गरेको छैन । ऊर्जा नीति राष्ट्रिय हितअनुसार बहुविकल्पीय स्रोतमा आधारित रहने सरकारी धारणा सार्वजनिक छ ।

सन् २०२५ को जनवरीतिर दैनिक करिब ११ लाख ब्यारेल पुगेको रुसी तेल आयात पछिल्लो समय घटेको देखिएको छ । केही राज्य स्वामित्वका रिफाइनरीहरूले भेनेजुएलाबाट तेल खरिद गर्न थालेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । तर रुसी आयात पूर्णरूपमा रोकिने वा नरोकिने विषय अनिश्चित छ । रुसको रोजनेफ्टको आंशिक स्वामित्वमा रहेको मुम्बईस्थित नयारा एनर्जीले दैनिक करिब चार लाख ब्यारेल खरिद गर्ने योजना बनाएको ब्लुमबर्गको रिपोर्टले सङ्केत गरेको छ ।

फिच सोलुसनअन्तर्गत बिएमआईका ड्यारेन टेलेका अनुसार भारतले औपचारिक घोषणा नगरी मूल्य र उपलब्धतामा आधारित ऊर्जा नीति अपनाउने सङ्केत दिएको छ, जसले 'तेल प्लाङ्क' सम्बन्धी अस्पष्टता अझै कायम रहेको देखाउँछ । उहाँले केही रिफाइनरहरूले रुसी कच्चा तेलको स्पट खरिद घटाएको प्रारम्भिक सङ्केत भए पनि यसलाई पूर्ण नीतिगत परिवर्तन मान्न नमिल्ने बताउनुभयो ।

समग्रमा, भारतका लागि यो सहमति आर्थिक विस्तारभन्दा बढी राजनीतिक सन्तुलनको परीक्षा बनेको छ । व्यापार, ऊर्जा र कूटनीतिक दबाबबीच सन्तुलन मिलाउन नसके भविष्यका वृद्धिदर प्रक्षेपणमा असर पर्न सक्ने विश्लेषकहरूको चेतावनी छ ।

# प्रधानमन्त्री मोदी र राष्ट्रपति म्याक्रोन बिच मङ्गलबार भेटवार्ता हुँदै

**एएनआई**

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन बिच मङ्गलबार मुम्बईमा भेटवार्ता भई भारत-फ्रान्स इनोभेसन वर्ष २०२६ को सयुक्त उद्धाटन गर्ने जनाइएको छ ।राष्ट्रपति इमानुएल म्याक्रोन फेब्रुअरी १७-१९ सम्म भारतको आधिकारिक भ्रमणमा रहने तथा प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारतले आयोजना गरेको "एआई इम्प्याक्ट" शिखर सम्मेलनमा भाग लिनेसमेत जनाइएको छ ।

फेब्रुअरी-१७ दिउँसो ३:१५ बजे उनीहरुले मुम्बईको लोक इनोभेसन फोरमको आयोजना गर्नेछ भने गेटवे अफ इन्डियामा भारत-फ्रान्स इनोभेसन र सांस्कृतिक स्मारकको उद्धाटन हुने छ ।इमानुएल म्याक्रोन र प्रथम महिला मेडम ब्रिगिट म्याक्रोनले फेब्रुअरी १६-१९ मा भारत भ्रमणको क्रममा मुम्बई र दिल्लीकोसमेत भ्रमण गर्ने जनाइएको छ ।

नव प्रवर्तन वर्ष २०२६ दुवै देशहरूमा वर्षभरि मनाइनेछ भने यसले प्रविधि, अनुसन्धान र जनता आदानप्रदानमा सहयोगलाई प्रभावकारी बनाउने लक्ष्य राखेको छ ।प्रधानमन्त्री मोदीको निमन्त्रणामा फ्रान्सेली राष्ट्रपति



म्याक्रोनको भारत भ्रमणले कृतिम बौद्धिकता (एआई)का क्षेत्रमा सहयोग र उदीयमान प्रविधिहरूमा ध्यान केन्द्रित गर्दै भारत-फ्रान्स रणनीतिक साझेदारीमा निरन्तरताको सङ्केत गरेको जनाइएको छ ।नयाँदिल्ली एआईका क्षेत्रमा विश्वको सबै भन्दा महत्वपूर्ण वार्तामा केन्द्रित हुँदा प्रधानमन्त्री नरेन्द्र मोदीले ग्लोबल एआई इम्प्याक्ट एक्सपोको उद्धाटन गर्ने तयारी गरेको जनाइएको छ ।

प्रधानमन्त्री मोदीले शिखर सम्मेलन अघि, उहाँले भारत आएका प्रतिनिधिहरूलाई स्वागत गर्ने र इन्डिया एआई इम्प्याक्ट एक्सपो २०२६ को उद्धाटन गर्ने जनाइएको छ ।फेब्रुअरी १६ - २० सम्म, नयाँ दिल्लीमा आयोजित पहिलो अन्तर्राष्ट्रिय एआई शिखर सम्मेलन "इम्प्याक्ट समिट" विश्वव्यापी एआई भविष्यलाई आकार दिने बताइएको छ ।

भवनमा द्विपक्षीय छलफल गर्ने आधिकारिक विज्ञप्तिमा उल्लेख छ । सोही क्रममा उनीहरूले भारत-फ्रान्स रणनीतिक साझेदारीमा भएको प्रगतिको समीक्षा गर्ने अपेक्षा गरी गएको छ । उनीहरूको छलफल रणनीतिक साझेदारीलाई सुदृढ पार्ने र नयाँ तथा उदीयमान क्षेत्रहरूमा विविधीकरण गर्ने विषयमा केन्द्रित हुने जनाइएको छ । प्रधानमन्त्री मोदी र राष्ट्रपति म्याक्रोनले क्षेत्रीय र विश्वव्यापी महत्वका सवालहरुमा पनि विचार आदान-प्रदान गर्ने जनाइएको छ ।

म्याक्रोनको भ्रमण रक्षा, अन्तरिक्ष, आणविक ऊर्जा, जलवायु, शिक्षा र जनता-जनता आदानप्रदानमा भारत र फ्रान्स बीचको साझेदारीको पृष्ठभूमिका बिच भएको उल्लेख गरिएको छ ।विदेश मन्त्रालयका अनुसार मुम्बईमा उनीहरुले एमओयू आदान - प्रदान गर्नेछन् । होटल ताजमहल प्यालेसले भारत-फ्रान्स


## ।। हार्दिक समवेदना ।।



जन्ममिति
२०४५/०२/२१

स्व. प्रमोद कुमार यादव

स्वर्गारोहण मिति
२०८२/११/०३

पूर्वाधार विकास कार्यालय, सर्लाहीमा कार्यरत सिरहा जिल्ला सुखिपुर नगरपालिका- ९ बैशाखा स्थायी निवासी सब-ईन्जिनियर **प्रमोद कुमार यादव**को हत्या भएको घटनाले हामी भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश परिवार अत्यन्त मर्माहित र स्तब्ध भएका छौ । यस दुःखद घडीमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम (परिवार)

# कोसेली घर : स्थानीय उत्पादन प्रवर्द्धन केन्द्र

खोटाङ। महिला उद्यमी सङ्घ खोटाङका अध्यक्ष बिमला राईले सञ्चालन गर्नुभएको 'खोटाङ उद्यमी कोसेली घर' जिल्लाको स्थानीय उत्पादन प्रवर्द्धन गर्ने महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको छ। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाङ-३ बाम्राङकी उहाँले विसं २०८० असोज-९ गते दिक्तेल बजारमा औपचारिक रूपमा कोसेली घर स्थापना गर्नुभएको हो। सामाजिक सङ्घ संस्था तथा राजनीतिमासमेत सक्रिय रहँदै आउनुभएकी अध्यक्ष राई विसं २०७७ मा महिला उद्यमी सङ्घको अध्यक्ष निर्वाचित हुनुभएको थियो। जिल्लामा स्थानीय उत्पादनलाई व्यवस्थित बजार आवश्यक रहेको महसुस गर्दै अध्यक्ष राईले कोसेली घर सञ्चालन गर्नुभएको हो।




सुरुमा रु सात हजार लगानी गरेर ३०-४० बट्टा अकबरे खुर्सानीको अचार उत्पादन गरेर कोसेली घर स्थापना गर्नुभएकी अध्यक्ष राईले दुई वर्ष नपुग्दै करिब रु ३५ लाख लगानी पुगेको जानकारी दिनुभएको छ। "कोसेली घरमा जिल्लाभित्र उत्पादन भएका सामग्रीमात्र बिक्रीका लागि राख्ने गरेकी छु। केही सामग्री आफै उत्पादन गर्छौं भने, अधिकांश सामग्री स्थानीय किसानबाट खरिद गरेर बिक्री गर्दै आएकी छु", उहाँले भन्नुभयो,"विशेषगरी विदेशमा रहेका खोटाङवासीले पुनः फर्किएर जाँदा कोसेलीका रूपमा खाद्य सामग्री खरिद गरेर लैजाने गरेका छन्।

कोसेली घरमा राखिएका सामग्री बेलायत, हङकङ, सिङ्गापुरलगायत देशमा निर्यात हुँदै आएको छ।" जिल्लाका दश स्थानीय तहमध्ये विशेष गरी केपिलासगढी गाउँपालिकाबाट बढी सामग्री खरिद गरिँदै आएको अध्यक्ष राईले बताउनुभएको छ। उक्त क्षेत्रमा मह, बाँस तथा काठजन्य सामग्री र विभिन्न खाद्यान्न उत्पादन हुने भएकाले त्यहाँबाट नियमित रूपमा सामग्री सङ्कलन गर्ने गरेको उहाँको भनाइ छ।

यसका साथै हलेसी, दिक्तेल, रावाबैंसी, साकेला लगायतका क्षेत्रबाट पनि सामग्री ल्याइँदै आएको अध्यक्ष राईले जानकारी दिनुभएको छ। स्थानीय किसानबाट सिधैँ सामग्री खरिद गरी बिक्री गर्दा किसानलाई प्रोत्साहन मिलिरहेको उहाँले बताउनुभयो।कहिलेकहीँ आर्थिक अभावका कारण सबै किसानको उत्पादन खरिद गर्न नसकिने तथा हाताहाती भुक्तानी गर्न कठिनाइ हुने चुनौती रहेको अध्यक्ष राईले जानकारी दिनुभएको छ। कोसेली घरमा गुन्द्रुक, किनिमा, सिस्नोको धुलो, कोदो तथा फापरको पिठो, मकैको च्याख्ला, गहत, कालो दाल, सिमीलगायत खाद्यवस्तु बिक्रीका लागि राखिएको छ।

दिक्तेलस्थित किरातचोकमा सञ्चालित कोसेली घरमा सुकुटी, विभिन्न अचार, भिरमौरी तथा घर मौरीको मह, गाई-भैँसी तथा भेडाको घ्यू, कोलमा पेलेको तोरीको तेल, अकबरे खुर्सानीको अचार, घरेलु जाँड तथा रक्सी उत्पादनमा प्रयोग हुने मर्चा, जडीबुटीजन्य वस्तु तथा हस्तकलाका सामग्री पनि उपलब्ध रहेको जनाइएको छ। हस्तकलातर्फ बाँसबाट निर्मित डालो, नाङ्लो, थुन्से, फिपी, कोक्रो, कठुवा, ठेकी, काठका चिन्डोलगायत सामग्री बिक्रीका लागि राखिएका छन्।

ढाकाको टोपी, कपासको धागोबाट बुनिएको कपडा, भैँडाको ऊनबाट बनेका लुकुनी, घुमराडी, चकटीलगायत सामग्रीसमेत बिक्रीका लागि उपलब्ध रहेको उहाँले बताउनुभएको छ। जिल्ला भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकले चिनोका रूपमा हस्तकलाका सामग्री खरिद गर्ने गरेका छन्।

कोसेली घर सञ्चालनमा राज्यबाट अपेक्षित सहयोग नपाएको गुनासो गर्नुहुँदै उहाँले वास्तविक रूपमा काम गरिरहेका उद्यमीहरूले अनुदान पाउनुपर्ने धारणा व्यक्त गर्नुभएको छ। स्थानीयस्तरमा उत्पादन हुने कोदोकोरक्सीलाईव्यवसायिकीकरण गर्न स्थानीय सरकारले स्पष्ट नीति बनाउनुपर्ने उहाँको सुझाव छ। कोसेली घरलाई अझ व्यवस्थित बनाउँदै अनलाइनमार्फत बिक्री विस्तार गर्ने, थप कर्मचारी राख्ने तथा स्थानीय उत्पादनको ब्रान्डिङ र प्याकेजिङ व्यवस्थित गर्ने योजना रहेको अध्यक्ष राईले जानकारी दिनुभएको छ।

कोसेली घरलाई व्यवस्थित बनाउन उहाँले एकजना कर्मचारी राखेर मासिक तलब प्रदान गर्दै आउनुभएको छ। जिल्लाका महिला उद्यमीले उत्पादन गरेका अचारलगायत खाद्यवस्तु विभिन्न कृषि प्रदर्शनीमा राखिँदै आएको जनाइएको छ। विशेषगरी अकबरे खुर्सानीको अचारले विभिन्न अवसरमा पुरस्कारसमेत प्राप्त गरिसकेको अध्यक्ष राईले जानकारी दिनुभएको छ।रासस

# पर्यटन प्रवर्द्धन गर्न 'टुर दी ठाकुरद्वारा'

जानकी। साइकल चालकका रुपमा परिचित रमेशकुमार मल्ल उमेरले ६२ वर्षको हुनुभयो।

नेपालगन्ज उपमहानगरपालिका-१ वाटरपार्क निवासी मल्लले साइकलबाटै मेची महाकाली यात्रा पूरा गर्नुभएको छ। "तराईमा बस्ने अनि साइकल नचलाउने भन्ने हुँदैन। तर साइकल चालक बनेर आफ्नो पहिचान बनाउनु सबैले सक्दैनन," मल्लले भन्नुभयो, "मैले सानैदेखि साइकल चलाउने गर्थें तर ठूलो हुँदै गएपछि पनि साइकल चलाइरहन मनलागेपछित्यसलाईछाड्नै सकिन।"

राष्ट्र बैङ्कमा ३० वर्ष सेवा गरी अवकाश लिएपछि मल्ल नजिक होस् या टाढा साइकलमै यात्रा गर्नुहुन्छ। सन् २०१८ देखि नेपालगन्जमा माउन्टेन बाइक चलाऔँ भन्ने साथीहरुको भेलाले नेपालगन्ज साइक्लिङ क्लब स्थापना ग-यो। मल्ल पनि उक्त क्लबको साधारण सदस्य हुनुभयो। क्लबमा आबद्ध भएदेखि उहाँलाई साइकल चलाउन झनै ऊर्जा मिलेको छ। "साइकल चलाउन त चलाइरहेकै थिएँ तर जब क्लबमा आबद्ध भएँ त्यसपछि साइकल चलाउने मेरो पेसा नै बनेको अनुभूति भयो र मैले निरन्तर साइकल चलाइरहेको छु", उहाँले भन्नुभयो।

मल्लले नेपालको पश्चिम सिमाना कुतिया कभरदेखि पूर्व झापाको केचना केवलसम्म एक हजार ११५ किलोमिटरसम्म साइकल यात्रा गरिसक्नुभएको छ। मल्ल मात्रै होइनन्, नेपालगन्जमा पछिल्लो केही वर्षयता साइकल चलाउनेहरुको सङ्ख्या बढ्दो छ। मोटरसाइकल र गाडीहरु जस्तो ध्वनि र वायू प्रदूषण पनि नहुने भएकाले साइकल नै स्वस्थ जीवनको उपयोगी साधन भएकाले बजारमा साइकल चलाउनेको सङ्ख्या वृद्धि हुँदै गएको क्लबका पूर्वअध्यक्ष गगन थापाले बताउनुभयो। साइक्लिङ गर्नुको मुख्य उद्देश्य बाँके र बर्दियामा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नु रहेको बताउँदै थापाले यस क्षेत्रमा साइकल चालकहरुको सङ्ख्यामा वृद्धि होस् भन्ने उद्देश्ले क्लबले 'टुर दी ठाकुरद्वारा' आयोजना गर्दै आएको जानकारी दिनुभयो।

बाँकेबाट बर्दियासम्मको आन्तरिक पर्यटकलाई बढावा दिने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरेको बताउँदै थापाले भन्नुभयो, "हाम्रो पहिलो संस्करणमै पूर्वदेखि पश्चिमसम्मका साइकल चालकहरुले सहभागिता जनाउनुभएको थियो। यस्ले हामीलाई आजसम्म पनि संस्करण गरिरहन प्रेरणा दिएको छ।" कार्यक्रममा सहभागी विभिन्न जिल्लाका हुने भएकाले साइक्लिङ गर्दै बाँके र बर्दियासम्मको यात्रामा यहाँका धार्मिक, सांस्कृतिक, भौतिकलगायत अन्य पर्यटकीय दृश्यहरुको अवलोकन गरिने हुँदा 'टुर दी ठाकुरद्वारा' कार्यक्रममा सहभागिता जनाउनेको सङ्ख्या बढ्दै गएको उहाँको भनाइ छ।

स्थापनाकालदेखि टुर दी ठाकुरद्वाराको आयोजना गर्दै आएको क्लबले यो वर्षको आठौँ संस्करण यही फागुनको ८ र ९ गते गर्ने भएको छ। क्लबका अध्यक्ष कविराम बुढाथोकीले यस वर्ष आयोजकले अघिल्लो वर्षको तुलनामा साइकल चलाउने बाटो र बसाइको व्यवस्थापन फरक तरिकाले गरेको बताउनुभयो। उहाँका अनुसार ८ गते बिहान बागेश्वरी मन्दिरमा उद्घाटनपश्चात् बाँकेको पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न बाँके राष्ट्रिय निकुञ्जको बफर जोनसँग बाँकेका पर्यावणहरुको भ्रमणपश्चात् बैजनाथा गाउँपालिका-१ स्थित गाभार भ्यालीस्थित 'होम स्टे'मा पहिलो दिनको कार्यक्रम सकेर दोस्रो दिन बर्दियाको ठाकुरद्वारातिर प्रस्थान गर्ने कार्यक्रम छ।

यो वर्ष आयोजना हुन लागेको उक्त टुर दी ठाकुरद्वाराको साइकल राइड कार्यक्रममा सातै प्रदेशका साइकल चालकहरुको सहभागिता रहने आयोजकले जनाएको छ। अध्यक्ष बुढाथोकीका अनुसार हालसम्म भारतको बरेली, लखनऊ, दिल्ली र नैनीताल गरी अन्य विभिन्न सहरबाट २१ जना भारतीय साइकल चालकहरुले सहभागिता जनाउनका लागि नाम दर्ता गराइसकेका छन्। यस वर्षको कार्यक्रममा महिला र बालबालिकाको सङ्ख्या उल्लेखनीय रहने जनाइएको छ।

काठमाडौँबाट मात्रै ५० देखि ६५ वर्षसम्म उमेर समूहका ५० जना महिला साइकल चालकले सहभागिता जनाउन लागेको अध्यक्ष बुढाथोकीले बताउनुभयो। शारीरिक रुपमा अपाङ्गता भएका चालकहरुले पनि सहभागिता जनाउने भएका छन्। अनुमानित बजेट रु २७ लाखमा आयोजना हुन गइरहेको उक्त कार्यक्रममा सरकारी र गैरसरकारी संस्थाहरुले आर्थिक सहयोग गरेको अध्यक्ष बुढाथोकीले जानकारी दिनुभयो। यस वर्ष करिब ३०० को सङ्ख्यामा साइकल चालकको सहभागिता रहने अध्यक्ष बुढाथोकीको भनाइ छ।रासस




# माया खोला हाईड्रोपावरले एक करोड कित्ता हकप्रद निष्कासन गर्ने



**टुडे समाचारदाता**

काठमाण्डु। माया खोला हाईड्रोपावर लिमिटेड र सिटिजन्स क्यापिटल लिमिटेड बीच माया खोला हाईड्रोपावरको हकप्रद शेयर निष्काशनको लागि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ति सम्बन्धी सम्झौता भएको छ।

उक्त सम्झौतामा माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडका तर्फबाट कार्यकारी अध्यक्ष दिनेश प्रसाद श्रेष्ठ तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरे।

सम्झौता अनुसार सिटिजन्स क्यापिटल लिमिटेडले माया खोला हाईड्रोपावर लिमिटेडको एक करोड कित्ता हकप्रद शेयर निष्काशनको लागि नेपाल धितोपत्र बोर्डको अनुमती लिन गर्नु पर्ने कार्यहरु तथा अनुमति पश्चातको बिक्री प्रबन्धकको कार्यहरु गर्नेछ।

यस कम्पनीको स्थापना २०६७ सालमा प्रा. लि को रुपमा भई २०७३ सालमा लिमिटेडमा रुपान्तर भएको हो। यस कम्पनीले संखुवासभा जिल्लामा १४.९ मे. वा. क्षमताको माया खोला हाईड्रोपावर आयोजनको निर्माण गरि मिति २०८० असार देखि विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरण्लाइे बिक्री गर्दै आईरहेको छ। यस कम्पनीले सर्वसाधारणहरुलाई २०७९ माघमा प्राथमिक शेयर जारी गरेको थियो।

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा ठाडिभिझा गा.वि.स. वडा नं. ९ हाल परिवर्तित विदेह न.पा. वडा नं. १ मा बस्ने बनवाली साहुको नाती सरयुग साहु कानुको छोरा मदन साहले मेरो बुवा सरयुग साहु कानुको नाममा साविक लगत कायम रहेकोमा सर्वे नापी हुँदा जि.ध.गा.वि.स. खरिहानी वडा नं. १ कि.नं. २२७ क्षेत्रफल ०-१२-१० जग्गा मेरो बुवा सरयुग साहु कानुको नाउँमा नै नापनक्सा भई दर्ता गर्न छुट भएकोले मेरो नाममा छुट जग्गा दर्ता गरि पाउँ भनी द.नं. १२२९६ मिति २०८२/१०/०९ को माग निवेदन रहेकोमा सुरयुग साहु कानुको मिति २०५८/०९/०४ मा मृत्यु भई निजको हकभोग खाने पत्नी श्री देवीको पनि मिति २०६४/०६/१५ मा मृत्यु भइसकेकोले निजहरुको हकभोग अपुताली खाने एक मात्र छोरा मदन साहको नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. १२२९६ मिति २०८२/१०/०९ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/१०/२८ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | खरिहानी | १ | २२७ | ०-१२-१० | ज.ध. महलः सरजुग साहु कानु पंचायत खरिहानी वडा नं. १(बनवालीको छोरा) किसानको महलः पुलकित मंडल केवट पंचायत खरिहानी वडा नं. १ कैफियत महलः यो जग्गा पंचायत खरिहानी वडा नं. १ बस्ने सरयुग साहु कानुको नम्बरी हो। अधियामा जोती खाएको छु। |



## मटिहानी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धिरापुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

## E-biding procurement स्वीकृत गर्ने आश्यको सुचना

**प्रथम पटक प्रकाशन मिति :(२०८२/११/०५ गते**

यस कार्यालयको मिति २०८२/०९/०९ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा E-biding procurement सम्बन्धि प्रकाशित सूचना अनुसार उक्त कार्यको लागि E-biding procurement आव्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका E-biding procurement हरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको procurement न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट तथा पिएस सहित) |
|---|---|---|---|---|
| १ | 10/M-Mun/B/NCB/082/083 | Construction work of Faijul Gurwa Madarsa Aadharbhoot School Building matihani-2 (Bardaha) | Kavya Infrastructure and builders pvt.ltd., janakpur-04 | 86,87,227.41 |

प्रमुख प्रशासकीय अधिकृत
मटिहानी नगरपालिका

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/११/०५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले लघुउद्यम कर्जा अन्तर्गत लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने एवं ऋणी तथा सम्बन्धित पक्षबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| ऋणीको नाम, ठेगाना | |
|---|---|
| **१. नाम : अनिता देवी केशरी**<br>ना.प्र.नं. ३२३०८०/२९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०७<br>पतिको नाम : छोटेलाल प्र. केशरी<br>ससुराको नाम : मुखलाल साह<br>ठेगाना : रौतहट जिल्ला, चपुर वडा नं. ७<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ५ | **२. नाम : सकुन्तला देवी केसरी**<br>ना.प्र.नं. ३२३०८०/२४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०६<br>पतिको नाम : शंकर प्रसाद केसरी<br>ससुराको नाम : मुखलाल साह केसरी<br>ठेगाना : रौतहट जिल्ला, चपुर वडा नं. ७<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ६ |
| **३. नाम : रोक्साना खातुन**<br>ना.प्र.नं. ३२-०२-७४-०२२७४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७४/०५/०९<br>पतिको नाम : इनताजुल मिया<br>ससुराको नाम : लाल महमद दर्जी<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ७ | **४. नाम : अनिता कुमारी कलवार**<br>ना.प्र.नं. १६०३३१००१, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६१/०१/०९<br>पतिको नाम : मुकेश साह<br>ससुराको नाम : शिव पुजन साह<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ५ |
| **५. नाम : रविआ खातुन**<br>ना.प्र.नं. १११६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०५९/११/०६<br>पतिको नाम : शेख अवुलैस<br>ससुराको नाम : शेख सनुल<br>ठेगाना : रौतहट जिल्ला, प्रतापपुर पल्टुवा वडा नं. ६<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ६ | **६. नाम : सिता माया (गुरुङ)**<br>ना.प्र.नं. २९५२, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/११<br>पतिको नाम : सहदेव बहादुर गुरुङ<br>ससुराको नाम : कृष्ण बहादुर गुरुङ<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ४ |
| **७. नाम : सोनामतीया देवी धामी**<br>ना.प्र.नं. २१६३, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४४/१२/२७<br>पतिको नाम : खुशी धामी<br>ससुराको नाम : चौथर धामी<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ | **८. नाम : सकिना खातुन**<br>ना.प्र.नं. ३२१०४५/१४८४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६६/०८/०२<br>पतिको नाम : शेख सौखत अलि<br>ससुराको नाम : रजाक खान<br>ठेगाना : रौतहट जिल्ला, बसन्तपट्टी वडा नं. ३<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ६ |
| **९. नाम : सबुजन खातुन**<br>ना.प्र.नं. ३२२०४६/१४६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०२/२३<br>पतिको नाम : हदिश मंसुरी<br>ससुराको नाम : हविव मंसुरी<br>ठेगाना : रौतहट जिल्ला, राजपुर वडा नं. ३<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ५ | **१०. नाम : आसमा खातुन**<br>ना.प्र.नं. १७९६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/१२/०४<br>पतिको नाम : जहुर मंसुरी<br>ससुराको नाम : गफार मिया<br>ठेगाना : रौतहट जिल्ला, सिम्राभवानीपुर वडा नं. ६<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ४ |
| **११. नाम : सुनरपतिया देवि राय**<br>ना.प्र.नं. ३२२०८०-१३१८, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६५/०३/१६<br>पतिको नाम : अवधेश राय<br>ससुराको नाम : राजी नन्दन राय<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. १०<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ५ | **१२. नाम : सिंनिया देवि**<br>ना.प्र.नं. २६०३, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/०२<br>पतिको नाम : इन्द्रदेव चौधरी<br>ससुराको नाम : विशुनदन्त खाँ थारु<br>ठेगाना : रौतहट जिल्ला, सन्तरपुर वडा नं. ३<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ८ |
| **१३. नाम : नाजमा खातुन**<br>ना.प्र.नं. ३२३०८४/५१०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६४/०१/०९<br>पतिको नाम : जिआउल मंसुर<br>ससुराको नाम : इसमइल मिया<br>ठेगाना : रौतहट जिल्ला, स. धमैारा वडा नं. ५ | **१४. नाम : अप्सरा पहरी**<br>ना.प्र.नं. ३२२०८०/२१६४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७१/१०/२०<br>पतिको नाम : सुनिल पहरी<br>ससुराको नाम : भक्त बहादुर पहरी<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ४ |
| **१५. नाम : अनिता तिवारी**<br>ना.प्र.नं. ३४-०१-७४-००९०६, जि.प्र.का. पर्सा, जारी मिति : २०७४/०१/२४<br>पतिको नाम : आस नारायण पाण्डेय ब्रहमण, ससुराको नाम : पारस पाण्डेय ब्रहमण<br>ठेगाना : पर्सा जिल्ला, छिपहरमाई वडा नं. ४, हाल : रौतहट जिल्ला, चन्द्रपुर वडा नं. ५ | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-५४०७५९
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# आचार संहिता सबैले पालना गर्नुपर्ने : मुख्यमन्त्री यादव



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश का मुख्यमन्त्री कृष्णप्रसाद यादवले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिएका छन् ।

सोमबार जनकपुरधाममा आयोजित 'निर्वाचन आचारसंहिता प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका' विषयक कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले आचारसंहिता कानुनी कागज मात्र नभई लोकतन्त्रलाई सुदृढ बनाउने महत्वपूर्ण आधार भएकाले सबै राजनीतिक दल तथा सरोकारवालाहरूले इमान्दिारिताका पालना गर्नुपर्दछ ।

उनलेराजनीतिक दलकैसहमतिमा निर्माण गरिएको आचारसंहिता कार्यान्वयनमा कमजोरी देखिनु उचित नहुने स्पष्ट पारे । मुख्यमन्त्री यादवका अनुसार निर्वाचनमा हुने अनावश्यक खर्च र तडकभडकले लोकतान्त्रिक प्रतिस्पर्धालाई असन्तुलित बनाउने गरेको छ ।

उनले विगतका निर्वाचनहरूको तुलनामा यसपटक आचारसंहिता उल्लंघनका घटनामा केही कमी आएपनि यसलाई अझ कार्यान्वयन गर्न राज्य संयन्त्र, सुरक्षा निकाय र सञ्चारमाध्यमहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको बताए ।

कार्यक्रममा बोल्दै निर्वाचन आयोगका आयुक्त सगुन शम्शेर जवराले निर्वाचन प्रक्रियालाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित शान्तिपूर्ण रुपमा सम्पन्न गराउन आचारसंहिताको पूर्ण कार्यान्वयन आवश्यक रहेको बताए । उनले निर्वाचनलाई कम खर्चिलो र तडकभडकसहित भोजभेतरमुक्त बनाउन राजनीतिक दल, उम्मेदवार तथा मतदाता सबैको साझा जिम्मेवारी रहेकोमा जोड दिए ।

आयुक्त जवराले आचारसंहिता उल्लंघनका घटना न्यूनिकरण गर्न आयोगले अनुगमन संयन्त्रलाई सक्रिय बनाएको जानकारी गराउँदै सामाजिक सञ्जाल, प्रचारप्रसार सामग्री, सार्वजनिक सभा तथा आर्थिक खर्चको निगरानीलाई थप प्रभावकारी बनाइएकाले आचारसंहिता उल्लंघन गर्नेलाई उचित कारवाही गरिने बताए ।

कार्यक्रममा सहभागी विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका अगुवाहरुले निर्वाचनलाई स्वस्थ प्रतिस्पर्धाको उत्सवका रूपमा मनाउन आचारसंहिताको अक्षरशः पालना आवश्यक रहेको धारणा राखेका थिए । उनीहरुले लोकतन्त्रको आधार नै निष्पक्ष निर्वाचन भएकाले त्यसलाई स्वच्छ र मर्यादित बनाउन सबै पक्ष एकजुट हुनुपर्नेमा वक्ताहरूले जोड दिए ।

# माध्यमिकी परिक्रमा शुरु, आज कल्याणेश्वर

डोला शुभारम्भ कार्यक्रममा सहभागी मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधामलाई भारतको उत्तर प्रदेशस्थित अयोध्यासँग हवाईमार्गमार्फत जोड्न पहल गर्ने घोषणा गरेका छन् ।

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको १५ दिने मिथिला मध्यमा परिक्रमा सोमवारदेखि विधिवत् रुपमा सुरु भएको छ ।

धनुषाको मिथिला बिहारी नगरपालिका-८ कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट झाँकी, कीर्तन र वैदिक मन्त्रोच्चारणसहित डोला निकालिएसँगै यस वर्षको परिक्रमा औपचारिक रुपमा शुरु भएको हो ।

डोला प्रस्थान समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, साधुसन्त, विभिन्न मठमन्दिरका महन्त तथा हजारौं श्रद्धालु सहभागी भएका थिए । 'जय सियाराम'को उद्घोषबीच डोला मन्दिरबाट बाहिर निकालिएको थियो ।

मिथिलाबिहारी मन्दिरबाट निस्केको डोला परम्परा अनुसार आइतवार साँझ नै हनुमाननगरस्थित हनुमान गढी पुगेका छन् । हनुमान गढीबाट डोला उठेपछि परिक्रमाको दिन गिन्ती हुने परम्परा रहेको छ । १५ दिने पैदल धार्मिक यात्राको रुपमा रहेका माध्यमिकी परिक्रमा १५ दिनको अवधिमा नेपाल भारतका विभिन्न १५ पडावसहित करिब १३३ किलोमिटर यात्रा सहभागीहरुले तय गर्नेछ ।

परिक्रमा नेपाल र भारतका गरी १५ स्थानमा रात्रि विश्राम गर्दै अघि बढ्छ । कचुरीबाट निस्केको टोली पहिलो दिन साँझ जनकपुरधामस्थित हनुमानगढीमा पुगेर विश्राम गर्ने गर्छ । त्यसपछि जनकपुरधामको सुन्दर सदन मन्दिर बाट किशोरीजी र रामजानकीसहित अन्य मन्दिरका डोलाहरू पनि समाहित गरिन्छन् । हनुमानगढीबाट विधिवत् पूजा-अर्चनापछि मुख्य परिक्रमा अगाडि बढ्ने परम्परा रहेको छ ।

दोश्रो दिन ५ गते मंगलवार कल्याणेश्वर,



तेश्रो दिन ६ गते गिरिजास्थान, चौथो दिन ७ गते मटिहानी, पांचौ दिन ८ गते जलेश्वर, छठौ दिन ९ गते मडई, सातौं दिन १० गते ध्रुव कुण्ड, आठौं दिन ११ गते कंचनवन, नवौं दिन १२ गते पर्वता, दशौं दिन १३ गते धनुषाधाम, एगारहौं दिन १४ गते सत्तोषर, बारहौं दिन १५ गते औरही, तेरहौं दिन १६ गते करुणा, चौदहौं दिन १७ गते विसौल हुँदै कल्याणेश्वरबाट पन्द्रहौं दिन १८ गते जनकपुरधाम आई पुग्नेछ ।

अन्तिम दिन जनकपुरधाम आइपुगेका माध्यमिकी परिक्रमा अन्तगृह परिक्रमामा परिणत हुनेछ । अन्तगृह परिक्रमा अन्तर्गत जनकपुरधाम नगर क्षेत्रको ५ कोस अर्थात साढे सात किलोमीटर दूरी तय गर्नेछ । पांच कोस यात्रा तय गर्ने भएकाले यस अन्तरगृह परिक्रमालाई पंचकोसी परिक्रमा समेत भन्ने गरिएको छ ।

## ऐतिहासिक पृष्ठभूमि

इतिहासकारहरूका अनुसार अठारौं शताब्दीदेखि मिथिला मध्यमा परिक्रमा प्रारम्भ भएको मानिन्छ । मिथिलाको धार्मिक भूगोललाई परिक्रमा गरेर भगवान रामसीताको पदचिह्न पछ्याउने विश्वासका साथ यो यात्रा गरिन्छ ।

मिथिलाञ्चलका धार्मिक अगुवाहरूका अनुसार मन, वचन र कर्मले परिक्रमा गरेमा पाप नष्ट भई मनोकामना पूरा हुने तथा मोक्ष प्राप्त हुने जनविश्वास छ । यही आस्थाले वर्षेनि हजारौं श्रद्धालुहरू सहभागी हुने गरेका छन् । परिक्रमाले नेपाल-भारतबीचको प्राचीन सांस्कृतिक र धार्मिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास गरिन्छ ।

सीमावर्ती क्षेत्रका स्थानीय बासिन्दाले श्रद्धालुहरूलाई निःशुल्क भोजन, पानी र आवासको व्यवस्था गर्दै आएका छन् । यसले सामाजिक सद्भाव र सहकार्यको सन्देशसमेत प्रवाह गर्छ । धार्मिक पर्यटनको दृष्टिले समेत परिक्रमा महत्वपूर्ण मानिन्छ । होटल, यातायात, खाद्य व्यवसाय र स्थानीय हस्तकलामा यस अवधिमा चहलपहल बढ्ने गरेको स्थानीय व्यवसायी बताउँछन् ।

## अयोध्या हवाई उडान गर्ने : मुख्यमन्त्री

यसैबीच डोला शुभारम्भ कार्यक्रममा सहभागी मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधामलाई भारतको उत्तर प्रदेशस्थित अयोध्यासँग हवाइमार्गमार्फत जोड्न पहल गर्ने घोषणा गरेका छन् ।

धनुषाको कचुरीस्थित मिथिला मध्यमा परिक्रमाको शुभारम्भ गर्दै उनले जनकपुरधाम-अयोध्या सीधा उडान सञ्चालनका लागि भारत सरकारसँग समेत संवाद अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री यादवले जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक महत्वका आधारमा रामायण सर्किटसँग प्रभावकारी रूपमा जोड्न सके मधेश प्रदेश समग्रमा प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास हुने विश्वास व्यक्त गरे ।

पहिलो पटक मिथिला मध्यमा परिक्रमामा सहभागी हुन पाएकोमा आफूलाई गौरवान्वित महसुस भएको बताउँदै मुख्यमन्त्री यादवले धार्मिक-सांस्कृतिक कार्यक्रमहरूले प्रदेशको पहिचान र अर्थतन्त्र दुवैलाई सुदृढ बनाउने धारणा राखे । जनकपुरधाम-अयोध्या हवाइमार्ग सञ्चालन भएमा तीर्थयात्री र पर्यटक आगमनमा वृद्धि भई होटल, यातायात र सेवा क्षेत्र समेत प्रत्यक्ष लाभान्वित हुने विश्वास छ ।

# महन्थले गरे आरतीको हत्या

**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिका-६ का ४५ वर्षीय महन्थ राय यादवले आफ्नै ३५ वर्षीया श्रीमती आरती देवी यादवको धारिलो हतियार प्रहार गरी हत्या गरेका छन् । घरमै हत्या गरेका महन्थ घटनापछि फरार भएका छन् ।

घर रातिदेखि नै बन्द रहेको देखेपछि स्थानीयवासीले वडा अध्यक्ष रामएकवाल यादवलाई जानकारी गराएका थिए । वडाध्यक्ष यादवले इलाका प्रहरी कार्यालय सन्तपुर, दोस्तियाका प्रहरी टोलीलाई घरको ढोका खोलाउंदा आरतीको शव फेला परेका थियो ।

उनको टाउको र घाँटीमा धारिलो हतियार प्रहार गरिएको थियो । घटनास्थलबाट सानो बन्चरो र मासु काट्ने दाउ बरामद भएको प्रहरीले जनाएको छ । वडा अध्यक्षका अनुसार महन्थ र आरतीबीच केही वर्षदेखि सम्बन्ध ठिक थिएन । महन्थ पेटभरवामा सानो होटल सञ्चालन गर्दै आएका थिए भने आरती करिब तीन वर्षदेखि उद्योगमा काम गर्ने बहानामा घरबाट बाहिर बस्दै आएकी थिइन् । मृतकका दुई छोरा हाल मामाघरमा बस्दै आएका छन् ।

महन्थले वडा अध्यक्षलाई फोनमार्फत आफ्नी श्रीमती 'चरित्रहीन' भएकाले हत्या गरेको स्वीकार गरेका छन् । रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालले प्रारम्भिक अनुसन्धानले दम्पतीबीच लामो समयदेखि विवाद रहेको देखाएको बताएका छन् । उनले अनुसन्धान पूरा नभएसम्म घटनाको कारणबारे ठोस निष्कर्ष निस्कन नसक्ने बताए । जिल्ला प्रहरी कार्यालय रौतहटले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ ।

# मुआब्जा माग्दै रेलवे पीडित काठमाण्डू पुगे

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम–जयनगर-वर्दिबास रेल्वे आयोजना अन्तर्गत बर्दिबास खण्डका प्रभावित पीडित र सरकारबिचको मुआब्जा विवाद चरमोत्कर्षमा पुगेको छ । गत सात वर्षदेखि मुआब्जा र उचित क्षतिपूर्ति माग्दै स्थानीय पीडित फेरि काठमाडौं पुगेका छन् ।

पिडीतहरु मुआब्जा माग्दै अल्टिमेटम दिएपनि अवस्थामा रेल विभागले समस्या समाधानका लागि प्रक्रिया अन्तिम चरणमा पुगेको दाबी गर्दै आएका छन् । पिडीतहरुले १० दिनभित्र मुआब्जा नपाए काम ठप्प पारिदिने चेतावनी दिएका छन् ।



बर्दिबासका रेल्वे प्रभावित पीडित उद्धव बुढाथोकीले आफूहरूको धैर्यताको बाँधसरकारले तोडिसकेको बताउंछन् । दस दिनभित्र ठोस निर्णय नभए आयोजनाको काम पूर्ण रूपमा ठप्प पार्ने उनले चेतावनी दिए । यद्यपि रेल विभागका महानिर्देशक हरिकुमार पोखरेलले भने पीडितहरूले छिट्टै 'सुखद समाचार' सुन्न पाउने आश्वासन दिएका छन् ।

२०७५ सालदेखि सुरु भएको १४ घरको मुआब्जा विवाद अहिलेसम्म सुल्झिन सकेको छैन । पीडित बुढाथोकीका अनुसार यो समस्या कानुनीभन्दा पनि प्रशासनिक ढिलासुस्ती र कर्मचारीतन्त्रको उदासीनताको परिणाम हो । बर्दिबासको मुआब्जा तोकिएको क्षेत्रमा धेरैजसो जग्गा 'दर्ता छुट' को रूपमा रहेको छ ।

'हामी त्यहाँ बसेको ६० वर्ष भइसक्यो । तत्कालीन समयमा जमिनदारहरूले हदबन्दी लाग्ने डरले लालपुर्जा नझिकी ढङ्गामा मात्र नाम राखेका रहेछन्,' बुढाथोकीले भने, ' यो ऐलानी जग्गा होइन, नम्बरीसरहकै हो । नगरपालिका र सीडीओ कार्यालयले पटक-पटक सूचना निकाल्दा पनि कसैको हकदाबी परेन, तर सरकारले अझै लालपुर्जा नभएको बहानामा हामीलाई झुलाइरहेको छ ।'

उनले जग्गाको वर्गीकरणमा समेत घोर अन्याय भएको बताएका छन् । एउटै कित्ता जग्गामा बाटोबाट ३० मिटरसम्मको दूरीलाई एउटा रेट र त्यसभन्दा पछाडिकोलाई अर्को रेट तोकेर ३-४ प्रकारको मुआब्जा निर्धारण गरिएको छ । बुढाथोकी भन्छन्, 'कर तिर्दा एउटै दरमा तिर्नुपर्ने, तर मुआब्जा पाउने बेला फरक-फरक हुने ? यो कस्तो न्याय हो ?'

रेलवे विभागका महानिर्देशक पोखरेलले भौतिक पूर्वाधार तथा यातायात मन्त्री, सचिव र पीडित पक्षबिच हालै त्रिपक्षीय छलफल भएको र सो छलफल निकै सकारात्मक रहेको जानकारी दिएका छन् ।

'मन्त्रीज्यू, सचिवज्यू र पीडितहरूबिच त्रिपक्षीय छलफल भएको छ । वातावरण निकै सकारात्मक बनेको छ,'महानिर्देशक पोखरेलले भने, 'प्रक्रिया अगाडि बढिरहेको छ, विभागले आवश्यक कागजात र फाइल मन्त्रालयमा पठाइसकेको छ, केही समयमै पीडितहरूले सुखद समाचार सुन्न पाउने अपेक्षा गर्न सकिन्छ ।'

विभागले गत माघ १८ गते रेल्वे पीडितको जग्गाको पुनर्स्थापना तथा राहतसम्बन्धी प्रस्तावका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पठाइसकेको जानकारी बारे पिडीतहरुले विगतमा पनि यस्ता धेरै आश्वासन पाएको तर काम नभएको गुनासो गरेका छन् । ६-६ महिनामा विभागको महानिर्देशक परिवर्तन हुने र मन्त्री फेरिने प्रवृत्तिले आफूहरूको पिडा थपिदै गएको छ ।

उनीहरूले आफूहरूलाई लालपुर्जा नभएको हकमा क्षतिपूर्ति र राहतको शीर्षकमा भए पनि हालको बजार मूल्य र सिमानामा अन्य जग्गाले पाएको दर (६१ लाख प्रति कठ्ठासम्म) अनुसारकै रकम पाउनुपर्ने अडान राखेका छन् ।

# नेकाँ उम्मेदवार साहको आक्रामक प्रचार

**सुभाष कर्ण**

जनकपुरधाम । धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसका युवा उम्मेदवार रामपल्टन साहले चुनावी प्रचारलाई आक्रामक बनाएको छ ।

युवा कोटामा टिकट पाएका कांग्रेसका केन्द्रिय सदस्य साहले सोमवारदेखि प्रचारलाई आक्रामक बनाउँदै युवाहरुलाई परिचालन गरेका छन् ।

कांग्रेसका उम्मेदवार साह प्रति जनलहर बढेको दाबी सो पार्टीले गरेको छ । नेपाली कांग्रेसका सभापति गगन कुमार थापा बुधबार जनकपुरधामबाट आउन लागेका छन् । कांग्रेसले मधेश प्रदेशबाट नै निर्वाचन घोषणा पत्र सार्वजनिक गर्ने कार्यक्रम रहेको छ ।

कांग्रेसका उम्मेदवारहरुले सभापतिले सम्बोधन गर्ने निर्वाचन घोषणा सभामा भीड जुटाउने अभियान समेत चलाएका छन् । प्रचारसँगै सभामा सहभागिताका लागि समेत कार्यकर्ताहरुलाई आग्रह गरिएको उम्मेदवार साहले बताएका छन् । 'मधेश प्रदेशमा रहेको बेरोजगार, सिँचाई लगायतका कार्यहरु नेपाली कांग्रेसले मात्र गर्नेछ' उनले भने, कांग्रेसका युवाहरुले पार्टीमा परिवर्तन गरेको र अब देशमा परिवर्तनको अनुभूति दिलाउने छ ।

'प्रतिनिधिसभा निर्वाचनमा परिवर्तन, स्थायित्व र विकासको अपेक्षा धनुषा क्षेत्र नम्बर १ का मतदाताहरूले गरेका छन् ' उनले भने, जनताले अनुभवी, इमान्दार र जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने नेतृत्वको खोजी गरिरहेका छन् ।

स्थानीय विकास, शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विस्तार जस्ता एजेन्डामा केन्द्रित प्रतिबद्धताका कारण मतदाताहरूको भरोसा बलियो बन्दै गएको साहले बताए । नेपाली कांग्रेस एकजुट भएर चुनावमा होमिएकाले जनसमर्थन बढेको साहको दाबी छ । धनुषा निर्वाचन




क्षेत्र नम्बर १ नेकाँका साह, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का मात्रिका यादव, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का किशोरी साहलगायतका उम्मेदवारहरु प्रतिस्पर्धामा रहेका छन् ।

# सब इन्जिनियर हत्याको विरोधमा अदालत बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम, ४ फागुन । भौतिक पूर्वाधार विकास कार्यालय सर्लाही, मलंगवामा कार्यरत ईन्जिनियर प्रमोद कुमार यादवको अज्ञात समूहले गोली हानी हत्या गरेको घटनाले जिल्लाभर सनसनी फैलिएको छ ।



घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कानुनी दायरामा ल्याउन माग गर्दै विभिन्न क्षेत्रबाट दबाब शुरु भइसकेको छ । हत्या घटनाको विरोधमा सर्लाही जिल्ला अदालतका कर्मचारीहरूले सोमबारदेखि सेवा अवरुद्ध गरेका छन् । उनीहरूले घटनाको निष्पक्ष, छिटो र प्रभावकारी अनुसन्धान गर्न माग गर्दै दोषीमाथि कडा कारबाही हुनुपर्ने बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार घटनामा संलग्न व्यक्तिको पहिचानका लागि सिसी क्यामेरामा कैद दृश्यहरू सहित विभिन्न कोणबाट अनुसन्धान भइरहेको छ । 'गोली प्रहार गर्नेको पहिचान नजिक पुगेका छौं । छिट्टै कानुनी दायरामा ल्याउँछौं,' डिएसपी राईले भने ।

यसैबीच घटनाप्रति नेपाल ईन्जिनियर्स एशोसिएसन मधेश प्रदेशले गम्भीर ध्यानाकर्षण जनाएको छ । एशोसिएसनले एक प्रेस विज्ञप्ति जारी गरी उक्त घटनाले सम्पूर्ण ईन्जिनियर तथा प्राविधिक समुदाय स्तब्ध र मर्माहत भएको जनाएको छ ।

एशोसिएसनका प्रदेश सभापति ई. गौरी पण्डित र सचिव ई. अजित कुमार मण्डलद्वारा हस्ताक्षरित विज्ञप्तिमा स्वर्गीय ईन्जिनियर यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिएको छ ।

साथै, घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कानुनबमोजिम कडा कारबाही गर्न प्रशासनसँग माग गरिएको छ । दोषीलाई कानुनी दायरामा नल्याइएमा एशोसिएसन थप संघर्षका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनीसमेत दिइएको छ ।

आइतबार साँझ मोटरसाइकलमा आएका अपरिचित व्यक्तिहरूले उनलाई घर बाहिर बोलाएर नजिकैबाट गोली प्रहार गरेका थिए । गोली यादवको देब्रे छातीमा लागेको थियो ।

गम्भीर घाइते यादवलाई तत्काल प्रादेशिक अस्पताल मलंगवा लगिएको भए पनि चिकित्सकहरूले उनलाई मृत घोषित गरेका थिए । उनी मलंगवास्थित पूर्वाधार विकास कार्यालयमा सब-ईञ्जिनियर पदमा कार्यरत थिए ।

घटनास्थल जिल्ला प्रहरी कार्यालयबाट करिब दुई किलोमिटर उत्तरतर्फ रहेको प्रहरीले जनाएको छ । घटनापछि मलंगवाका विभिन्न नाकाहरूमा सुरक्षा जाँच कडा पारिएको छ भने शंकास्पद क्षेत्रमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ । यस घटनाले जिल्लाको सुरक्षा अवस्था र शान्ति व्यवस्थामाथि प्रश्न उठाएको स्थानीयको भनाइ छ ।

# ब्राउन सुगरसहित चार पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रनिगाहपुर स्थित इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी गस्तीटोलीले ब्राउन सुगरसहित चार जनालाई पक्राउ गरेको छ ।

कार्यालय प्रमुख डिएसपी रुपा लाबुङका अनुसार आइतबार दिउँसो प्राप्त गोप्य सूचनाका आधारमा चन्द्रपुर नगरपालिका-४ मा खानतलासी गर्दा चन्द्रपुर-१ बागमती बस्ने ३२ वर्षीय तुलबहादुर लामालाई पक्राउ गरेको हो । उनको साथबाट ब्राउन सुगर सेवन गर्न प्रयोग हुने पाँच रुपैयाँको फोल्ड, ब्लेड लगायतका सामग्री बरामद गरिएको थियो ।

त्यसैगरी चन्द्रपुर-४ गणेशचोकस्थित दुर्गाबहादुर घलेको घरमा डेरा गरी बस्दै आएकी उदयपुर गाईघाट घर बताउने २३ वर्षीया प्रिया तामाङ र चन्द्रपुर-४ कै ३५ वर्षीय राज बलम पाख्रिन मगरलाई पनि प्रहरीले पक्राउ गरेको छ। उक्त कोठाबाट ब्राउन सुगर तौल गर्न प्रयोग हुने मेसिन र कालो प्लास्टिकका टुक्रा बरामद भएको डीएसपी लाबुङले जानकारी दिइन् ।

निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचनप्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलुस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदुषण न्यून गर्ने उपाय अपनाऔं।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

हरित निर्वाचन अभियानलाई सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८